का.जि.प्र.का.द.नं. १००/०५९/६०
२४ भदौ २०८२
मंगलबार
9 September 2025
Tuesday
नेपाल संवत् ११४५
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

वर्ष २३, अंक २१९ । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com




# जेनजीमाथि बर्बर दमन ठूलो मानवीय क्षति

२०६२/०६३ को पछिल्लो जनआन्दोलनभर भएको मानवीय क्षतिको हाराहारी बिर्साउने गरी सोमबार काठमाडौंको नयाँ बानेश्वर क्षेत्र रणमैदान बन्न पुग्यो । सरकारले संयमता नअपनाउँदा सामाजिक सञ्जाल बन्दको विरोध, भ्रष्टाचार नियन्त्रण र सुशासनको नारा लिएर आन्दोलित जेनजीहरूको प्रदर्शनले एकैदिन ठूलो मानवीय क्षति बेहोर्‍यो ।

युवा विद्यार्थी हुन्, आउँछन्, प्लेकार्ड देखाउँछन्, नारा लगाएर फर्किन्छन् भन्ने मूल्यांकनका आधारमा प्रदर्शनस्थलको अनुमति सहजै दिएको देखिन्छ । यसले समस्या पारेको हो ।

**हेमन्त मल्ल**, पूर्वडिआईजी

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २३ भदौ

सोमबार माइतीघर मण्डलाबाट शान्तिपूर्णरूपमा सुरु भएको जेनजीहरूका प्रदर्शन बानेश्वर पुग्दा हिंसात्मक बन्न पुगेको पुग्यो । राजनीतिक नेतृत्वको चाल, चरित्र र चेहराबाट आम नागरिकमा देखिएको असन्तुष्टीको आक्रोश अन्ततः रणमैदानमा परिणत भएको छ ।

जेनेरेसन जेड अर्थात् 'जेनजी' (सन् १९९७-२०१२ भित्र जन्मिएको पुस्ता)ले सोमबार राजधानीसहित देशभर शहरकेन्द्रित प्रदर्शन गरे । सरकारले बर्बर दमन गर्दा प्रदर्शन रक्तपातपूर्ण बन्न पुगेको हो ।

प्रहरीकै तथ्यांकअनुसार सोमबार साँझसम्म करिब दुई दर्जनले ज्यान गुमाएका छन् । चार सय बढी घाइते भएका छन् । यो २०६२/०६३ को पछिल्लो जनआन्दोलनभर भएको मानवीय क्षतिको हाराहारी हो । सरकारले संयमता नअपनाउँदा सामाजिक सञ्जाल बन्दको विरोध, भ्रष्टाचार नियन्त्रण र सुशासनको नारा लिएर आन्दोलित जेनजीहरूको प्रदर्शनले एकैदिन ठूलो मानवीय क्षति बेहोर्न पुगेको हो ।

सरकारले सामाजिक सञ्जाल बन्द गर्ने निर्णय गरेपछि झनै रिसाएको जेनजी पृष्ठ २ मा

## जेनजीको अदृश्य उपयोग

आन्दोलन भड्किनुको मुल कारण घुसपैठ रहेको प्रहरीको दावी छ । तर, सरोकारवाला भने घटनाक्रमले प्रहरीको अस्वभाविक बल प्रयोगलाई मुख्य मानेका छन् ।

आन्दोलनकारी नयाँ पुस्ताको काँचो अनुभवलाई उपयोग गर्ने अदृश्य शक्तिको स्वार्थ पूरा गर्ने गरी एकाएक भएको रक्तपातपूर्ण अवस्थाले मुलुकको शान्ति सुरक्षाको स्थितिलाई गिज्याएको छ । कमजोर सुरक्षा रणनीति र आन्दोलनको उत्तरार्धमा देखिएको दमनकारी पृष्ठ २ मा





## प्रधानमन्त्रीमाथि राजीनामाको दबाब

युवाहरूको आन्दोलनपछि उत्पन्न परिस्थितिलाई नैतिक जिम्मेवारी लिँदै सत्ता र प्रतिपक्षी दलका नेताहरुले प्रधानमन्त्री ओलीको राजीनामा मागेका छन् ।

प्रमुख प्रतिपक्षी दल माओवादी केन्द्रसहित सरकारकै दल एमाले र सत्ता सहयात्री दल नेपाली कांग्रेसका नेताहरूले प्रधानमन्त्रीको राजीनामा माग गरेका हुन् ।

एमाले केन्द्रीय सदस्य उषाकिरण तिम्सीनाले सामाजिक सञ्जालमार्फत प्रधानमन्त्री ओलीको राजीनामा माग्दै भनेकी छन्, 'गृहमन्त्रीले मात्रै राजीनामा दिएर हुँदैन । यो घटनाको नैतिक जिम्मेवारी लिदै प्रधानमन्त्रीले समेत राजीनामा पृष्ठ २ मा

## प्रेसरमा देउवा

सत्ताको मुख्य सहयात्री दल नेपाली कांग्रेसभित्र जेनजी आन्दोलनपछि उत्पन्न परिस्थितिको मूल्यांकन गर्दै सरकारबाट बाहिरिन दवाब बढेको छ । पूर्वप्रधानमन्त्रीसमेत रहेका पार्टी सभापति शेरबहादुर देउवालाई नेताहरूले सरकार छाड्न दबाब दिएका हुन् ।

पार्टीका केन्द्रदेखि स्थानीयस्तरका नेता कार्यकर्ताहरूले एमाले अध्यक्ष ओली नेतृत्वको सरकारबाट फिर्ता हुन विभिन्न माध्यमबाट आव्हान भइरहेको कांग्रेसका एक केन्द्रीय सदस्यले बताए । कांग्रेसका शीर्ष नेताहरू डा शेखर कोइराला, पूर्वउपसभापति विमलेन्द्र निधी, केन्द्रीय सदस्य डा गोविन्दराज पोखरेल, सांसद राजेन्द्र बजगाई, सुनिल शर्मालगायत नेताहरूले कांग्रेसले तत्काल सरकारलाई दिएको समर्थन फिर्ता लिनुपर्ने बताएका छन् ।

नेता कोइरालाले सरकारको औचित्य समाप्त भएको बताउँदै भने, 'अब एउटा गृहमन्त्रीले राजीनामा दिनुको कुनै अर्थ छैन, कांग्रेस सरकारबाटै अलग हुनुपर्छ, यो सरकारमा अब एकछिन पनि रहन हुन्न ।' उनले जेनजीको शान्तिपूर्ण आन्दोलनमा अन्धाधुन्ध गोली चलाएर सरकारले राजाको शासनमासमेत नभएको घटनाको झल्को दिएको बताउँदै घटनालाई निरंकुश र अधिनायकवादको पराकाष्ठा भनेका छन् ।

पूर्वउपसभापति विमलेन्द्र निधिले ओली नेतृत्वको सरकारबाट तत्काल अलग हुनुपर्ने पृष्ठ २ मा

## कमाण्ड फेलियर गृहमन्त्री



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २३ भदौ

संसद्का दुई ठूला दल कांग्रेस र एमालेलाई मिलाएर अहिलेको सरकार निर्माण गर्दाका सुत्रधार नेता हुन्- रमेश लेखक । यसकारण सरकारमा प्रधानमन्त्री केपी शर्मा ओलीपछिको शक्तिशाली मन्त्रीका रुपमा लेखक रहेका थिए । शक्तिशाली भएकै कारण उनी भिजिट भिसामा विदेश जानेसँग अपारदर्शी रुपमा आर्थिक लेनदेन हुने गरेकोजस्तो गम्भीर आरोपमा मुछिँदासमेत पदमै रहे । यहीबेला सामाजिक सञ्जाल बन्द गर्ने निर्णयले सरकारमाथि नागरिक आक्रोश बढ्यो । सोमबार जेनजीले काठमाडौंसहित देशभर प्रदर्शन गरे । प्रदर्शनका क्रममा प्रहरीले चलाएको गोली लागेर कम्तिमा १९ युवाको ज्यान गयो भने झण्डै चार सय घाइते भएका छन् । यो घटनाको नैतिक जिम्मेवारी लिँदै गृहमन्त्री लेखक पद छाड्न बाध्य भए । नैतिक रुपमा र पार्टीभित्रबाट समेत चर्को रुपमा दबाब परेपछि गृहमन्त्री लेखकले राजीनामा दिएका छन् ।

> प्रहरी विधेयकमा सांसदका प्रश्नको जवाफ दिने तयारी गर्दै गर्दा गृहमन्त्री लेखक सिंहदरवारबाट बाहिरिनुपर्‍यो । लेखक संसदीय समितिमा रहेकै बेला संसद भवनको गेटमा प्रदर्शनकारी उक्लिरहेका थिए ।

तर, गृहमन्त्री लेखकले सुरक्षा कमाण्ड सम्हाल्न नसकेको बिभिन्न घटनाबाट पुष्टि भएको कांग्रेस नेताहरू नै बताउँछन् । सोमबारको घटना हुनुको पछाडि गृह प्रशासनसँग पूर्वअनुमान नहुनु र प्रदर्शनकारी संसद् भवन छिर्ने बेला अन्धाधुन्ध गोली चलाउन आदेश दिनु रहेको सम्बद्धस्रोत बताउँछन् ।

प्राध्यापक कृष्ण खनाल घटनालाई जेनजीको प्रदर्शन देशव्यापी हुँदैछ, यसको प्रभाव यस्तो पर्न सक्छ भनेर सरकारले पूर्वानुमान गर्न नसक्दाको परिणाम बताउँछन् । संवेदनशील विषयमा गृहमन्त्रीले पूर्वसूचना राख्न पृष्ठ २ मा

## पछि हट्यो सरकार

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २३ भदौ

चर्को विरोध भएसँगै सरकार सामाजिक सञ्जालमा लगाएको प्रतिबन्ध खोल्ने निर्णयमा पुगेको छ । सोमबार साँझ बसेको मन्त्रिपरिषद्को बैठकमा यो विषयमा छलफल भएको छ । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका अनुसार सामाजिक सञ्जालमा लगाएको प्रतिबन्ध खोल्ने निर्णय प्रक्रियामा अगाडि बढेको हो ।

प्रमुख सत्तारुढ दल नेपाली कांग्रेस र विपक्षी दलहरूले समेत प्रश्न उठाएको र अन्तर्राष्ट्रिय रुपमा समेत दबाब परेपछि सरकार पछाडि हट्न बाध्य भएको हो ।

अस्ट्रेलिया, फिनल्याण्ड, फ्रान्स, जापान, कोरिया गणतन्त्र, बेलायत र संयुक्त राज्य अमेरिकास्थित दूतावासहरूले संयुक्त विज्ञप्ति निकालेर नागरिक अधिकार र मानव अधिकारको विषयमा ख्याल गर्न नेपाल सरकारलाई भनेका छन् ।

देशभित्र र बाहिरबाट समेत दबाब परेपछि सरकार नेपालमा दर्ता नभएका सामाजिक सञ्जाल निष्क्रिय पार्ने निर्णय पुनर्विचार गर्ने ठाउँमा पुगेको हो ।

**वैदेशिक रोजगार विशेष**

# सामाजिक सञ्जाल बन्दले वैदेशिक रोजगार व्यवसाय बढी प्रभावित

**मध्यान्ह संवाददता**
काठमाडौं, २३ भदौ

सरकारले फेसबुक, ह्वाट्सएपलगायत नेपालमा दर्ता हुन नआएका सामाजिक सञ्जाल बन्द गरेसँगै मुलुकको अन्य क्षेत्र भन्दा वैदेशिक रोजगार व्यवसायी बढी प्रभावित भएका छन् । वैदेशिक रोजगार व्यवसायीहरूले पछिल्ला दिनमा मूलतः ह्वाट्सएपमार्फत रोजगारदाता र वैदेशिक रोजगारीमा जाने कामदारसँग कुराकानी तथा डकुमेन्ट आदानप्रदान गर्ने गरेका थिए । त्यसले मागपत्र प्रमाणीकरण, कामदार छनोट तथा उडानका कामलाई सहज बनाएको थियो । नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष भुवनसिंह गुरुङले सरकारले नेपालमा सामाजिक सञ्जाल नखुल्ने बनाएपछि अवस्था लथालिंग भएको बताए । कतिपय राजदूतवासका सूचना पाउने कामहरू समेत प्रभावित भएकाले समस्या उत्पन्न भएको उनले बताए ।

उनले भने, 'हाम्रो व्यवसायको सबै पक्ष अनलाइनमा आधारित छ । कतिपय व्यवसायीले सामाजिक सञ्जालमार्फत पनि प्रभावकारी सञ्चार सम्पर्कका माध्यमबाट व्यवसाय गरिरहनुभएको थियो । त्यो सबै अवरुद्ध भएपछि डामाडोलको अवस्था छ ।'

व्यवसायी मात्रै नभएर सामाजिक सञ्जाल अवरुद्ध हुँदा वैदेशिक रोजगारसँग सम्बन्धित सरकारी कार्यालयका काम कारबाही प्रभावित भएका छन् । अधिकांश कार्यालयले सार्वजनिक सूचना फेसबुकमार्फत जारी गर्ने गरेका थिए । फेसबुक नचल्दा सेवाग्राहीलाई सूचना पाउन समस्या देखिएको छ ।

दक्षिण कोरियामा रोजगारीको सहजीकरण गर्ने श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयअन्तर्गतको इपिएस कोरिया शाखाको वेबसाइट खुलेको छैन । श्रममन्त्री शरतसिंह भण्डारीको निजी सचिवालयले सूचना सार्वजनिक गर्न बनाएको ह्वाट्सएप समूह निष्क्रिय बनेको छ ।

सामाजिक सञ्जाल निष्क्रिय पारिँदा वैदेशिक रोजगारमा रहेका कामदारले पाउने टेलिमेडिसन सेवापनि प्रभावित भएको छ । वैदेशिक रोजगारमा रहेका श्रमिकले फेसबुक, ह्वाट्सएप, भाइबर, इमोलगायतका सामाजिक सञ्जालमार्फत स्वास्थ्य समस्या राख्ने गरेका छन् । सञ्जाल निष्क्रिय भएपछि विदेशबाट समस्या राख्नबाट कामदार बञ्चित भएका छन् ।

## अवैध कन्सल्टेन्सीलाई ठगी मुद्दाको तयारी

**काभ्रेपलाञ्चोक/रासस–** जिल्लामा अवैध रूपमा सञ्चालित 'कन्सल्टेन्सी'लाई जिल्ला प्रशासन कार्यालय धुलिखेलले ठगी मुद्दा चलाएर कारबाहीको तयारी गरेको छ । गत बिहीबार अनुगमनका क्रममा भेटिएका अवैध रूपमा सञ्चालित कन्सल्टेन्सीलाई प्रशासनले कारबाहीको तयारी गरेको हो ।

जिल्लामा एक सयभन्दा बढी कन्सल्टेन्सी सञ्चालनमा रहेको प्रशासनको प्रारम्भिक अनुगमनमा भेटिएको जनाइएको छ । स्थानीय प्रशासनले अनुगमनका क्रममा क्रमशः सम्बन्धित कन्सल्टेन्सी कार्यालयमा पुगेर प्रमाण खोज्ने र अनुमति नलिएकालाई कानुनअनुसार ठगी ऐनअन्तर्गत कारबाहीको तयारी गरेको सहायक प्रमुख जिल्ला अधिकारी सुदर्शन श्रेष्ठले बताए ।

उनका अनुसार कन्सल्टेन्सी सञ्चालनसम्बन्धी सम्पूर्ण मापदण्ड पूरा नभएकालाई बन्द गराइने तयारी भइरहेको हो । 'अनुगमनका क्रममा मापदण्ड पूरा नगरी पृष्ठ २ मा

HOPE International
URGENT VACANCY

Public Relation Officer (PRO) - 5 (Male /Female)
- At least 2 years of experience in overseas recruitment.
- Must have a wide network to fulfill recruitment requirements.
- Sourcing & Pre-screening.
- **Salary 30,000 + Bonus**

Documentation Officer - 3 (Male/Female)
- At least 2 years of experience in overseas recruitment.
- Minimum +2 education (Bachelor's preferred).
- 1-2 years of relevant experience.
- Proficient in MS Office, Excel, and Photoshop.
- Strong communication skills in English and Nepali.
- **Attractive salary + Bonus**

Receptionist - 1 (Female)
- Experience in Realitive Field
- **Attractive salary + Bonus**

SEND YOUR CV: info@hopeinternational.com.np

Hope International Hotline : 9818943149
Chakrapath, Kathmandu (Opposite of Chakrapath Bhatbhatini)
www.hopeinternational.com.np
01-4002139 | 01-4002151

# विभेदजन्य कानुन संशोधन गर्नुपर्नेमा जोड

**काठमाडौं/मस**-नेपालका महिला सरकारी वकिलको प्रथम राष्ट्रिय सम्मेलन, २०८२ सुरु भएको छ । महान्यायाधिवक्ताको कार्यालयको आयोजनामा सुरु भएको सम्मेलनको सर्वोच्च अदालतका वरिष्ठतम् न्यायाधीश सपना प्रधान मल्लले उद्घाटन गरेकी हुन् ।



उनले २९ दशमलव चार प्रतिशत सरकारी वकिल महिला हुनु उत्साहजनक अवस्था भएको र अझै निर्णायक तहमा महिला सरकारी वकिल आवश्यक रहेको बताइन् । वरिष्ठतम् न्यायाधीश मल्लले संख्यात्मक उपलब्धिका साथै अर्थपूर्ण सहभागिता जरुरी भएको र संरचनागत चुनौतीलाई चिर्दै आगाडि बढ्नुपर्नेमा जोड दिइन् ।

'महिलाहरूले अहिले पनि हरेक पलमा परीक्षा दिनुपर्ने अवस्था छ, महिलाले कामले सिद्ध गरेर देखाउनुपर्छ' उनले भनिन्,'सम्पूर्ण अवरोधलाई तोडेर अघि बढ्नुपर्छ ।' उनले घरका कामलाई साझेदार गर्दै आफूलाई प्रत्येक दिन धार लगाएर सबल बनाउनुपर्ने बताइन् ।

महान्यायाधिवक्ता रमेश वडालले अहिले पनि विभेदकारी कानुन छभने संशोधन गर्नुपर्ने र त्यसका लागि संघ, प्रदेश तथा स्थानीय तहमा भएका विभेदजन्य कानुन संशोधन गर्नुपर्ने बताए । उनले विगतको तुलनामा धेरै महिला सरकारी वकिल भएको र २०९० सालसम्म चार महिला सरकारी वकिल मूल नेतृत्व नायब महान्यायाधिवक्ता हुने विश्वास व्यक्त गरिन् ।

सम्मेलनको संयोजक सहन्यायाधिवक्ता मीना गुरुङले सम्मेलनमा सम्पूर्ण महिला सरकारी वकिलबीच एकापसमा अनुभव आदानप्रदान गरी आफ्नो पेसागत अनुभव, चुनौती र अवसरबारे गहन छलफल हुने जानकारी दिइन् ।

'यो सम्मेलनलाई महिला सरकारी वकिलको आवाजलाई राष्ट्रियस्तरमा स्थापित गर्ने ऐतिहासिक कदमका रूपमा अर्थ्याएका छौं', उनले भनिन्,'महिला सरकारी वकिल सशक्त भएमा फौजदारी न्याय प्रणाली थप सुदृढ र विश्वसनीय हुन्छ भन्ने आशाको साथ यो सम्मेलनको आयोजना हुन गइरहेको छ, यो आशा शब्दमा मात्र सीमित छैन, जीवनशैली र जिम्मेवारी बन्नेछ भन्नेमा सरकारी वकिल दृढ विश्वस्त छौं ।'

दुई दिनसम्म चल्ने सरकारी महिला वकिलको सम्मेलको मूल नारा 'महिला सरकारी वकिलको सशक्तीकरण फौजदारी न्याय प्रणालीको सुदृढीकरण' रहेको छ । यस सम्मेलनमा महान्यायाधिवक्ताको कार्यालय र मातहत कार्यालय तथा अन्य निकायमा कार्यरत सबै महिला सरकारी वकिलसहित करिब २५० जनाको सहभागिता रहेको छ ।

सम्मेलनमा महिला सरकारी वकिलको पेसागत क्षमता अभिवृद्धि र व्यावसायिक विकासको माध्यमबाट फौजदारी न्याय प्रणालीको सुदृढीकरणमा टेवा पुऱ्याउने मुख्य उद्देश्य रहेको छ । सम्मेलनमा पाँचवटा कार्यपत्र प्रस्तुत हुनेछन् ।

कार्यपत्रहरूमा मूलतः महिला सरकारी वकिलको वर्तमान अवस्था, महान्यायाधिवक्ताको कार्यालयको रणनीतिक योजनाले सम्बोधन गर्नुपर्ने महिला सरकारी वकिलहरूका सवालहरू, प्रविधिको प्रयोगबाट हुने कसुरको पीडितहरूको न्यायिक उपचारमा सरकारी वकिलको भूमिका, न्याय सेवामा महिला सरकारी वकिलहरूको सहभागिता लगायतका मुख्य विषय वस्तुमा केन्द्रित रही प्रस्तुत हुनेछ ।

सम्मेलनमा अर्को महत्वपूर्ण विषयवस्तुका रूपमा सरकारी वकिलको पेसागत र दैनिक जिम्मेवारीको सन्तुलनसँग व्यावसायिक क्षमता अभिवृद्धिसँग सम्बन्धित विषयमा एउटा प्यानल छलफल पनि हुनेछ । यस सम्मेलनको माध्यमबाट कार्यस्थलमा लैङ्गिक समानता र सुरक्षित वातावरण सुनिश्चित गर्ने बाटो खोजिनेछ ।

सहन्यायाधिवक्ता गुरुङले पेसागत चुनौतीलाई अवसरमा बदल्ने रणनीति तय गरिनेछ । महिला सरकारी वकिलको क्षमता र नेतृत्व विकासका लागि ठोस प्रतिबद्धतासहित घोषणापत्र जारी गरी सम्मेलनको समापन गरिने जानकारी दिए । सरकारी वकिल समूहमा सहन्यायाधिवक्ता चार, उपन्यायाधिवक्ता ३२ र सहायक न्यायाधिवक्ता ११२ गरी १४८ जना रहेका छन् ।

सम्मेलनमा सर्वोच्च अदालतका न्यायाधीश, राष्ट्रिय महिला आयोगका अध्यक्ष, महान्यायाधिवक्ता, नायब महान्यायाधिवक्ता, नेपाल न्याय सेवाका महिला सचिव तथा सहसचिव एवम् उच्च अदालत पाटन र उपत्यकाका जिल्ला अदालतमा कार्यरत सबै महिला न्यायाधीश, नेपाल बार एसोसिएसनको उपाध्यक्षलगायत न्याय सेवाका विशिष्ट व्यक्तिका साथै सरोकारवाला निकायका प्रतिनिधि तथा पर्यवेक्षकका रूपमा सहभागिता छ। सम्मेलनको समापन मंगलबार न्यायाधीश शारङ्गा सुवेदीले गर्नेछिन् । सम्मेलनले काठमाडौं घोषणापत्रसमेत जारी गर्ने बताइएको छ ।

# सन् २०३० भित्र कुष्ठरोग नियन्त्रणको लक्ष्य प्राप्त गरिने

**ललितपुर/मस**-इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका निर्देशक डा.चन्द्रभाल झाले तीनै तहको सरकारको समन्वयमा सन् २०३० भित्र कुष्ठरोग नियन्त्रणको लक्ष्य प्राप्ति हुने बताएका छन् ।



ललितपुरमा आयोजित एक कार्यक्रममा निर्देशक झाले दिगो विकास लक्ष्यअनुसार नेपालले विश्व समुदायसामु गरेको प्रतिबद्धताअनुसार कुष्ठरोग उन्मूलन गर्न सफल हुने जिकिर गरे ।

'कुष्ठरोग प्रभावित क्षेत्रमा दक्ष जनशक्ति थोरै छ, थप तालिम दिएर खोज र निगरानी प्रणालीलाई जोड दिएका छौं, प्रत्येक स्थानीय तहभित्रका स्वास्थ्य संस्था र अस्पतालमा कुष्ठ प्रभावितलाई निःशुल्क उपचार सेवा दिने नीति छ' उनले भने ।

कार्यक्रममा द लेप्रेसी मिसन इन्टरनेसनलका अन्तरराष्ट्रिय निर्देशक बेन्ट मर्गनले कुष्ठरोग नियन्त्रण एवं उन्मूलनका लागि नेपालले गरेका कार्यहरू विश्वस्तरमै उदाहरणीय रहेको बताए ।

नेपाल अपांग महासंघ नेपालका पूर्वअध्यक्ष मित्रलाल शर्माले समाजलाई बदल्न र स्वास्थ्य क्षेत्रमा प्रभावकारी काम गर्न गैरसरकारी संस्थाहरूले उत्कृष्ट काम गरेको उल्लेख गरे ।

आइडिया नेपालका अध्यक्ष दिनेश बस्नेतले द लेप्रेसी मिसन नेपालले कुष्ठरोगको उपचारमा अन्य अस्पतालको तुलनामा उत्कृष्ट सेवा प्रदान गरेको भन्दै प्रशंसा गरे ।

सो संस्थाका अध्यक्ष अशोक अधिकारीले कुष्ठरोगीहरुको दर्दनाक कथा सुनाउँदै बिरामीलाई गरिने राम्रो व्यवहारले उपचार सेवालाई प्रभावकारी बनाउन सम्भव भएको बताए । सात दशक अगाडि सन् १९५७ बाट सुरु भएको कुष्ठरोग नियन्त्रण अभियानले रोग उन्मूलनका लागि आशा, रोगबाट पीडितहरूका लागि सम्मानसमेत जगाएको छ ।

# प्रकोप पीडित किसानलाई राहत

**म्याग्दी/मस**-म्याग्दीमा विपद्का कारण क्षति ब्यहोरेका किसानलाई राहत उपलब्ध गराउन बजेट प्राप्त भएको छ ।

गण्डकी प्रदेश सरकारले प्राकृतिक प्रकोपका कारण क्षति भएका पशुपंक्षी, खाद्यान्न, फलफूल, तरकारी बालीको राहत उपलब्ध गराउन म्याग्दीमा आर्थिक वर्ष २०८२/८३ का लागि रु १८ लाख बजेट विनियोजन गरेको हो ।

यसअघि बजेट नहुँदा असिना, बाढी पहिरो, चट्याङका कारण क्षति ब्यहोरेका किसानले सरकारबाट सुविधा पाउन सकेका थिएनन् । प्राकृतिक प्रकोप पीडित किसानलाई राहत उपलब्ध गराउन पहिलो पटक बजेट प्राप्त भएको कृषि ज्ञान केन्द्र म्याग्दीका प्रमुख सञ्जिव बास्तोलाले बताए ।

'यसअघि क्षतिको विवरण सङ्कलन गरेर राहतका लागि मन्त्रालयमा सिफारिस गर्ने गरिएको थियो,' उनले भने, 'जिल्लामै बजेट आएपछि किसानलाई छिटो राहत उपलब्ध गराउन सकिने भएको छ ।'

कृषि ज्ञान केन्द्रलाई आकस्मिक सेवाटेवा तथा राहत कार्यक्रम शीर्षकमा आठ लाख र भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा पशुपंक्षी तथा मत्स्य व्यवसायमा राहत तथा पुनःस्थापना सहयोग कार्यक्रमका लागि रु १० लाख बजेट प्राप्त भएको हो ।

यसैगरी चीन र भारत जोड्ने कालीगण्डकी कोरिडोर सडकले छोएको म्याग्दीका स्थानीय तहमा लोकमार्ग/कोरिडोर केन्द्रित कृषि उत्पादन तथा प्रवर्द्धन कार्यक्रम सञ्चालन हुने भएको छ । यस कार्यक्रमका लागि कृषि र पशुतर्फ २०/२० लाख बजेट प्राप्त भएको छ ।

रघुगंगा, अन्नपूर्ण गाउँपालिका र बेनी नगरपालिकामा व्यावसायिक तरकारी खेती, गाईभैंसी, कुखुरा, बाखा, बंगुरपालन विस्तार गरी राजमार्गका होटल तथा रेष्टुराँमा आवश्यक कृषि उपज स्थानीयस्तरमै उत्पादन गर्ने कार्यक्रमको उद्देश्य रहेको भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका प्रमुख गोपाल गिरीले बताए ।

## जेनजीमाथि....

पुस्ताले उक्त निर्णय खारेज गर्नुपर्ने र भ्रष्टाचार रोक्नु पर्ने मुख्य माग अघि सारेका छन् । यो समुहलाई को बाट कसरी उपयोग गरियो भन्ने विषय अहिलेसम्म अन्योल छ । विद्यार्थीहरूलाई स्कूल ड्रेसमै बोलाइएको थियो, विभिन्न पेशा व्यवसायमा लागेका युवाहरूलाई त्यही अनुसार सहभागी हुन आब्हान गरिएपनि घटनास्थलको अवस्था हेर्दा योजनागतरूपमा बन्दोबस्तीका सामानसहित आएको प्रष्ट हुन्छ ।

तर, कसरी यो अवस्था आयो त्यो अझै गुमनाम छ । यद्यपि आन्दोलनलाई समर्थन गर्ने नाममा एकातिर काठमाडौं महानगरपीलिकाका मेयर बालेन साहले उनिहरूलाई उक्साएका देखिन्छ । उनले सामाजिक सञ्जालमार्फत यो आन्दोलन नै परिवर्तनको आन्दोलन हुने स्पष्ट संकेत गरेका थिए । अर्कोतिर नयाँ आएका राजनीतिक दलले पनि यो समुहलाई उपयोग गरेको नीति लिएको देखिन्छ । पुरानै पार्टीका युवा नेताहरूको समेत यसमा सहयोग देखिन्छ ।

'जेनजी' पुस्ताले गरेको यो आन्दोलन २०६२/०६३ मा भएको जनआन्दोलन २ को झल्को दिएको छ । यत्रो शक्ति प्रदर्शन कसरी भयो ? के उनीहरू कुन नेटवर्क प्रयोग गरिरहेका छन् ? उनीहरूको नेतृत्व को हो ? यो विषय अहिलेसम्म अन्योल नै छ । स्थिरता र जनपक्षीय शासन सञ्चालनको प्रतिवद्धतासहित संसदीय लोकतन्त्रको सामान्य अभ्यास भन्दा तल झरेर ठुला दुई दलको गठबन्धनमा बनेको सरकारले आफ्नै प्रतिवद्धता पूरा गर्न छाडेर आन्दोलनमाथिको दमनले सरकारको औचित्यमाथि प्रश्न उठेको छ । सरकारको मुख्य सहयोगी दल नेपाली कांग्रेसको एक समुहले भने सरकारबाट बाहिरिनुपर्ने सभापतिलाई दबाब दिएका छन् । कांग्रेसका नेता डा शेखर कोइरालाले सरकारको औचित्व समाप्त भएको भन्दै तत्काल कांग्रेसले सरकार छाड्नुपर्ने बताएका छन् । 'राजाको शासनकालमा पनि नभएको दमन वर्तमान केपी ओली नेतृत्वको सरकारले गरेको छ', उनले भने 'कांग्रेस अब सरकारमा बसिरहन मिल्दैन् ।'

सर्वोच्च अदालत बार एसोसिएसनले जेनजीले गरेको प्रदर्शनमाथि राज्यले ज्यादती गरेको निश्कर्ष निकालेको छ। विज्ञप्ति जारी गर्दै सर्वोच्च बारले भनेको छ 'जेनजीको आन्दोलनमा प्रहरी र प्रशासनबाट भएको शक्ति प्रदर्शन र सुरक्षाकर्मीबाट चलाइएको गोलीले सयौं प्रदर्शनकारी घाइते दर्जनौं मृत्यु हुन राज्य सञ्चालकको ज्यादती हो ।'

बिनानेतृत्व स्वतस्फूर्त आन्दोलनको तयारी गरेका उनीहरूले विभिन्न सामाजिक सञ्जालमार्फत सबै 'जेनजी'लाई सहभागी हुन आह्वान गरेका थिए ।

'भ्रष्टाचार अन्त्य' को नारासहित पुराना पुस्ताका नेता र उनीहरूका छोराछोरीविरुद्ध आक्रोश पोख्दै सुरु गरेको आन्दोलनले अन्ततः दुई दर्जन युवाहरूको ज्यान लिएको छ । यो घटनालाई इतिहासले बिर्सने छैन् ।

तर, बढ्दो भ्रष्टाचार र सामाजिक सञ्जाल बन्दविरुद्ध जेनजीले गरेको आन्दोलनमा घुसपैठ भएको नेकपा एमालेले बताएको छ ।

एमालेका प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले जेनजीको आन्दोलनभित्र व्यापक घुसपैठ भएको बताए । 'जेनजी आन्दोलनमा व्यापक घुसपैठ भएको एमालेको आशंका छ, जसका कारण दुःखद घटना घट्यो', गौतमले भने, 'जेनजीका नाममा राजनीतिकरण गरियो भन्ने हामीलाई आभास भएको छ ।' जेनजीको आन्दोलनमा ठूलो मानविय क्षति भएपछि गृहमन्त्री रमेश लेखकले नैतिकता देखाएर राजीनामा दिएका छन् ।

## जेनजीको...

नीतिले सरकारको कार्यशैली उदांगो भएको देखिन्छ । किनकी यो आन्दोलनको योजना पर्खाल तोडेर संसद भवन कब्जा गर्न जानेसम्मको थिएन ।

अहिलेको राजनीतिप्रति वाक्क-दिक्क भएर व्यवस्था माथिनै चुनौति दिनेगरी केही समयदेखि नै आन्दोलनको पूर्वतयारी भने भइरहेकै थियो । यद्यपि, शान्तिपूर्ण र दबावमुलक आन्दोलनको योजनासहित सडकमा उत्रिएका हजारौं संख्याका युवाहरू जब बानेश्वर पुगेर निषेधित क्षेत्र तोड्दै संसद भवनको पर्खाल भत्काएपछि एकाएक बानेश्वर क्षेत्र रणमैदानमा परिणत हुन पुगेको थियो ।

समयमै प्रदर्शनको सही मूल्यांकन गर्न नसक्दा ठूलो क्षति व्यहोर्नुपरेको सुरक्षाविज्ञ पूर्वडिआईजी हेमन्त मल्ल बताउँछन् । 'युवा विद्यार्थी हुन्, आउँछन्, प्लेकार्ड देखाउँछन्, नारा लगाएर फर्किन्छन् भन्ने मूल्यांकनका सरकारले प्रदर्शन गरेको व्यवहार अनुचित रहेकाले परिस्थिति सम्हाल्न प्रधानमन्त्रीले राजीनामा दिनुको विकल्प छैन', पूर्वप्रधानमन्त्री एवं माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले भने । विवेकशील साझा पार्टीले समेत सरकारको राजीनामा माग गरेको छ ।

## प्रेसरमा...

प्रस्ताव अघि सारेका छन् । पदाधिकारीको बैठकमा नेता निधिले व्यवस्था, प्रणालीमाथि नै खतरा उत्पन्न भएको भन्दै कांग्रेस सरकारबाट अलग हुनुपर्ने बताएका हुन् । 'आजको घटनाबाट संविधान, व्यवस्था र प्रणालीमाथि खतरा आयो । यसलाई बचाउन कांग्रेस सत्ताबाट बाहिर निस्कनुपर्छ,' उनको भनाइ छ, 'त्यसपछि कांग्रेसले राष्ट्रिय वा सर्वदलीय बैठकको प्रस्ताव गर्ने र त्यसको अग्रसरता पनि पार्टीले लिनेगरी जानुपर्छ ।'



सुरक्षा विज्ञहरूले टिप्पणी गरेका छन् । संघिय संसद् भवनको पर्खाल तोडफोडसम्म आइपुग्दा एउटा खास समूह सक्रिय रहेको प्रहरी श्रोतको दावी छ ।

'नयाँ पुस्ताको आन्दोलनमा यो तहको होला भन्ने ठानेनौं', नेपाल प्रहरीका एक अधिकारीले मध्यान्हसँग भने 'कर्फ्युमा पनि एम्बुलेन्स जलाउने र संसद् भवनको पर्खाल भत्काएर कब्जाको अवस्थासम्म पुग्नेहरू सामान्य योजनामा रहेनछन्, त्यसलाई समयमै बुझ्न सकिएन ।'

गत शनिबार प्रदेशमन्त्रीको गाडीको ठक्करबाट घाइते बालिकाबारे प्रधानमन्त्री केपी शर्मा ओलीको असंवेदनशील अभिव्यक्तिले पनि युवाहरुमा आक्रोश बढाएको राजनीतिक विश्लेषकहरू बताउँछन् । उक्त आन्दोलन स्वस्फुर्त युवाहरूको आन्दोलनका क्रममा भएका घटनाका स्वरूप हेर्दा आन्दोलनकारी युवाहरू योजनाबाहिर पुगेको आधारमा प्रदर्शनस्थलको अनुमति सहजै दिएको देखिन्छ', उनले भने 'तर, मुलुकमा मौलाएको भ्रष्टाचार र कुशासनले नागरि कस्तरमा चरम असन्तुष्टि त छँदैछ, त्यसमाथि युवाहरूको आन्दोलनमा राजावादीदेखि असन्तुष्ट धेरै पक्षले घुसपैठ गरेको प्रष्टै देखिन्छ । जेनजी आन्दोलन उनीहरुका लागि प्लेटफर्म बनिदियो ।'

भिड नियन्त्रणमा प्रहरी शृंखलाबद्ध कमजोर भएको उनले बताए । 'अपराध अनुसन्धानका सुराक खटाएर राजनीतिक प्रकृतिको आन्दोलनको सही सूचना, मूल्यांकन र विश्लेषण हुनसक्दैन', उनले भने ।

## प्रधानमन्त्रीमाथि...

दिनुपर्छ ।' त्यस्तै, माओवादी केन्द्रले पनि प्रधानमन्त्रीले राजीनामा दिनुपर्ने निश्कर्ष निकालेको छ । 'आन्दोलनका क्रममा

काांग्रेस सांसद राजेन्द्र बजगाईले जेनजी आन्दोलनमाथि सरकारले गरेको ज्यादतीको खरो टिप्पणी गरेका छन् । 'यति हुदा पनि पार्टी सरकारमा बसीरहँने हो भने म पार्टी नछोडेर सांसद छाड्न तयार छु', उनले भनेका छन् । सोमबारै पार्टी पदाधिकारी बैठकमा पनि सरकारबाट हट्नुपर्ने विषय उठेपछि सभापति देउवा दबाबमा परेका छन् । बैठक लगत्तै उनी प्रधानमन्त्री ओलीलाई भेट्न बालुवाटार पुगेका थिए । चौतर्फी दबाब भए पनि कांग्रेसले तत्कालै सरकार छाड्ने अवस्था भने नरहेको संस्थापन पक्षको दाबी छ ।

## कमाण्ड...

सक्नुपर्नेमा त्यसो हुन नसकेको उनको बुझाइ छ ।

खनालका अनुसार, सोसल मिडियासँग सम्बन्धित कम्पनीले दर्ताका लागि टेरेनन् भन्दैमा झ्याप्पै बन्द गर्दिने र विरोध गर्नेहरूको अवस्था आँकलन गर्न नसक्ने दुवैमा सरकारको कमजोरी देखिएको छ ।

'किसिमको अन्धाधुन्द गोलि चल्ने अवस्था कसरी सिर्जना भयो ? माइतीघरदेखि बानेश्वर संसद भवनको एक किलोमिटरको दुरीको प्रदर्शनमा यति धेरैको हत्या हुने अवस्था किन बन्यो ?' खनालको प्रश्न छ ।

प्राध्यापक कृष्ण खनालले भनेजस्तै गृहमन्त्री लेखक जेनजीको प्रदर्शनप्रछि पूर्वजानकारीमा थिएनन् भन्ने उनको व्यवहारले पनि देखाउँछ । जेनजीले बिहान ९ बजेदेखि प्रदर्शन गर्ने भनेका थिए । त्यसअनुसार युवाहरु माइतीघर मण्डलामा जम्मा भइसकेका थिए । तर, गृहमन्त्री सुरक्षा संवेदनशीलता ख्याल गरिरहेका थिएनन् । बिहान ९ बजे राष्ट्रिय सभा अन्तर्गतको विकास, आर्थिक मामिला तथा सुशासन समितिको छलफलमा गए । जहाँ सदाचार नीतिबारे छलफल थियो । मानिसका व्यवहार कस्तो हुनुपर्छ भनेर नीति बनाउने छलफलमा साढे दुई घण्टा बिताएर गृहमन्त्री लेखक अर्को संसदीय समितिमा गए । राज्य व्यवस्था तथा सुशासन समितिमा नेपाल प्रहरी विधेयकमाथि छलफल थियो । जहाँ सांसदहरूका प्रश्न टिपेर बसिरहेका थिए, लेखक । अर्थात, प्रहरी विधेयकमा सांसदले सोधेका प्रश्नको जवाफ दिने तयारी गर्दागर्दै गृहमन्त्री लेखक सिंहदरवारबाट बाहिरिनुपऱ्यो । लेखकले संसदीय समितिमा रहेकै बेला संसद भवनको गेटमा प्रदर्शनकारी उक्लिरहेका थिए । यसलाई समेत आधारको रुपमा देखाउँदै प्राध्यापक खनाल पनि गृहमन्त्री लेखक कमाण्ड फेलियर हुन पुगेको बताउँछन् ।

## अवैध....

कन्सल्टेन्सी सञ्चालनमा ल्याएको भए तत्कालै सेवा बन्द गर्न निर्देशन दिने काननी व्यवस्था छ,' श्रेष्ठले भने ।

शुक्रबारका अनुगमनका क्रममा काभ्रेपलाञ्चोकको बनेपा नगरमा अवैध रूपमा सञ्चालित ६ वटा कन्सल्टेन्सी बन्द गर्न निर्देशन दिइएको थियो । जिल्लास्तरीय अनुगमन समितिले गरेको अनुगमनका क्रममा अवैध रूपमा सञ्चालित कन्सल्टेन्सी बन्द गर्न निर्देशन दिएको हो । समितिले बनेपा नगरमा सञ्चालन हुँदै आएका करिब एक सयमध्ये १५ कन्सल्टेन्सीको अनुगमन गरेको जनाएको छ । जसमध्ये पाँच कन्सल्टेन्सी दर्ता रहेको फेला परेको छभने ६ वटालाई बन्द गर्ने निर्देशन दिइएको जनाइएको छ ।

त्यस्तै अनुगमन टोली पुग्दा चार कन्सल्टेन्सी सञ्चालक फरार भएका थिए । समितिले बन्द गर्न निर्देशन दिएका कन्सल्टेन्सीमा ग्लोबल हब एजुकेसनल कन्सल्टेन्सी, मिसन कम्प्युटर एन्ड एजुकेसनल कन्सल्टेन्सी, बनेपा हार्डफोर्ड एजुकेसनल कन्सल्टेन्सी र सार एजुकेसनल नेटवर्क रहेका छन् ।

यस्तै डिस्कभरी पाथवे एजुकेसनल कन्सल्टेन्सीलाई पनि प्रमाणपत्र आएपछि मात्रै सेवा सञ्चालनको निर्देशन दिएको छ । एसडिसी एजुकेसनल कन्सल्टेन्सीलाई दर्ता नभएकाले बन्द गर्न निर्देशन दिइएको हो । काभ्रेपलाञ्चोकमा सञ्चालित कन्सल्टेन्सीको अनुगमन तीव्र पारिने कार्यालयले जनाएको छ ।

हार्दिक बधाई तथा शुभकामना

Sindhu Bikash Bank Ltd.
सिन्धु विकास बैंक लि.
सधैं... तपाईं संग
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त संस्था)
Head Office: Barhabise,Sindhupalchowk,
Tel: 011-489245, 489246
Corporate Office: Banepa,Kavre
Tel: 011-662340, 662341
Email: info@sindhubank.com.np
Website: www.sindhubank.com.np
१६ औं वार्षिकोत्सव

NIMB
P.O. Box: 3412, Head Office: Durbarmarg, Kathmandu, Nepal.
Tel: 4228229, Fax: (977-1) 4226349
Email: info@nibl.com.np
SWIFT ADDRESS: NIBL NP KT
Website: www.nibl.com.np

Himalayan Everest Insurance Limited
Thapagaun, Kathmandu, Ph.: 01-5245090/91/92/95
Fax: 977-1 5245099, Email: ktm@hei.com.np

InfoDevelopers Pvt. Ltd
Sanepa-2, Lalitpur, Nepal
P.O. Box: 5552,
Phone: 977-1-5970061, 977-1-5970062
Website: www.infodev.com.np
Email: info@infodev.com.np
FINSYS INFINITY EMPOWER WEALTH iOFFICE

सानिमा जिआईसी इन्स्योरेन्स लि.
Sanima GIC Insurance Ltd.
205 - Tangal Marg, Tangal, P.O. Box 1622, Kathmandu, Nepal
Banepa Branch, Ph.: 011-660144

Neology NEXT
Neology Next Pvt. Ltd.
1F, Radha Bhawan, Saraswati Marg
Tripureshwor, Kathmandu
Email: info@neologynext.com.np
Phone No: 01-5365728, 5365729

SILVER LINING
Silver Lining Pvt. Ltd.
2nd Floor, Mercantile Communication Narayanhiti Path
(Behind Hiti Pokhari) Durbar Marg, Kathmandu, NEPAL.
Email: info@silverlining.com.np
Phone: +977-1-4525221

AWARD MAKER
अवार्ड मेकर
बनेपा, काभ्रे
ईमेल: the creation@mail.org, awardmakerbanepa@gmail.com

Er. Sarad Dulal
LARKE Engineering Consultancy & Construction Pvt. Ltd.
Melamchi Bazar, Melamchi-11
Mob.: 9851115854

Model Construction Pvt. Ltd.
Khusibu, Kathmandu
Ph.: 01-4520149
Mob.: 9851093500

# कर्णालीका जलविद्युत् आयोजना अगाडि बढाइने



**काठमाडौं/मस–** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले फुकोट कर्णाली अर्धजलाशययुक्त जलविद्युत् आयोजनासँगै कर्णाली प्रदेशका अन्य आयोजना अगाडि बढाउन सरकार लागिपरेको बताएका छन् ।

फुकोट कर्णाली जलविद्युत् आयोजनाको कामलाई चाँडो अगाडि बढाउनुपर्ने मागसहित मन्त्रालयमा आएको कालीकोटको सर्वदलीय बैठकमा उनले कर्णाली प्रदेशको समृद्धिका लागि मन्त्रालयले फुकोट कर्णालीसँगै अन्य जलविद्युत् आयोजनाको कामलाई अगाडि बढाउन खोजेको बताए ।

उनले आयोजना निर्माणका लागि सम्झौता भएको भारतीय कम्पनी एनएचपिसी लिमिटेडसँगको सहकार्यमा आयोजनाको कामलाई अगाडि बढाउन विद्युत् उत्पादन कम्पनीलाई निर्देशनसमेत दिए ।

'देशभरका आयोजनालाई सरकार एक्लैले लगानी गर्न सक्दैन भनेर कम्पनी खोलेका हौं, भियुसिएलले भारतको भरपर्दो कम्पनी एनएचपिसीसँग सहकार्य गरेर फुकोट कर्णालीलाई अगाडि बढाउन खोजेको छ, 'टाइमलाइन' अनुसार काम गर्न कम्पनीलाई परिपत्र गर्नुस्,' उनले भने ।

मन्त्री खड्काले मुलुकलाई नोक्सानी नहुने र लगानीकर्तालाई लगानीको सुरक्षा हुने वातावरण निर्माण गर्नुपर्ने उल्लेख गरे । ऊर्जामन्त्री खड्काले गरिब र विपन्न नागरिकलाई बिनाधितो सरकारले ऋणको व्यवस्था गरेर जलविद्युत्को शेयर खरिद गर्ने वातावरण निर्माण गरेको उल्लेख गरे । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का नेता एवम् कर्णाली प्रदेशका पूर्वमुख्यमन्त्री महेन्द्रबहादुर शाहीले सम्झौता भइसकेको आयोजनालाई चाँडो कार्यान्वयनमा लैजानुपर्ने बताए ।

कांग्रेस कालीकोटका सचिव नगेन्द्रबहादुर विष्टले कर्णाली प्रदेशको समृद्धिका लागि उक्त आयोजनालाई चाँडो सम्पन्न गर्नुपर्ने बताए । राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता धनबहादुर बुढाले कालीकोट र सिंगो कर्णालीको विकासका लागि उक्त आयोजनालाई चाँडो बनाउनुपर्ने बताए । ४८० मेगावाटको फुकोट कर्णाली जलविद्युत् आयोजना भारतीय कम्पनी एनएचपिसी लिमिटेडको लगानीमा निर्माण हुनेगरी सम्झौता भएको थियो ।

# अवैध सञ्चालित 'कन्सल्टेन्सी'लाई कारबाहीको तयारी

**काभ्रेपलाञ्चोक/मस–** काभ्रेमा अवैध रूपमा सञ्चालित 'कन्सल्टेन्सी' लाई जिल्ला प्रशासन कार्यालय धुलिखेलले ठगी मुद्दा चलाएर कारबाहीको तयारी गरेको छ ।

गत बिहीबार अनुगमनका क्रममा भेटिएका अवैध रुपमा सञ्चालित कन्सल्टेन्सीलाई प्रशासनले कारबाहीको तयारी गरेको हो ।

जिल्लामा एक सयभन्दा बढी कन्सल्टेन्सी सञ्चालनमा रहेको प्रशासनको प्रारम्भिक अनुगमनमा भेटिएको जनाइएको छ । स्थानीय प्रशासनले अनुगमनका क्रममा क्रमशः सम्बन्धित कन्सल्टेन्सी कार्यालयमा पुगेर प्रमाण खोज्ने र अनुमति नलिएकालाई कानुनअनुसार ठगी ऐनअन्तर्गत कारबाहीको तयारी गरेको सहायक प्रमुख जिल्ला अधिकारी



सुदर्शन श्रेष्ठले बताए । उनका अनुसार कन्सल्टेन्सी सञ्चालनसम्बन्धी सम्पूर्ण मापदण्ड पूरा नभएकालाई बन्द गराइने तयारी भइरहेको हो ।

'अनुगमनका क्रममा मापदण्ड पूरा नगरी कन्सल्टेन्सी सञ्चालनमा ल्याएको भए तत्कालै सेवा बन्द गर्न निर्देशन दिने कानुनी व्यवस्था छ', श्रेष्ठले भने । शुक्रबारका अनुगमनका क्रममा काभ्रेपलाञ्चोकको बनेपा नगरमा अवैध रुपमा सञ्चालित ६ वटा कन्सल्टेन्सी बन्द गर्न निर्देशन दिइएको थियो । जिल्लास्तरीय अनुगमन समितिले गरेको अनुगमनका क्रममा अवैध रुपमा सञ्चालित कन्सल्टेन्सी बन्द गर्न निर्देशन दिएको हो । समितिले बनेपा नगरमा सञ्चालन हुँदै आएका करिब एक सयमध्ये १५ कन्सल्टेन्सीको अनुगमन गरेको जनाएको छ । जसमध्ये पाँच कन्सल्टेन्सी दर्ता रहेको फेला परेको छभने ६ वटालाई बन्द गर्ने निर्देशन दिइएको जनाइएको छ । त्यस्तै अनुगमन टोली पुग्दा चार कन्सल्टेन्सी सञ्चालक फरार भएका थिए ।

समितिले बन्द गर्न निर्देशन दिएका कन्सल्टेन्सीमा ग्लोबल हब एजुकेसनल कन्सल्टेन्सी, मिसन कम्प्युटर एन्ड एजुकेसनल कन्सल्टेन्सी, बनेपा हार्डफोर्ड एजुकेसनल कन्सल्टेन्सी र सार एजुकेसनल नेटवर्क रहेका छन् । यस्तै डिस्कभरी पाथवे एजुकेसनल कन्सल्टेन्सीलाई पनि प्रमाणपत्र आएपछि मात्रै सेवा सञ्चालनको निर्देशन दिएको छ । एसडिसी एजुकेसनल कन्सल्टेन्सीलाई दर्ता नभएकाले बन्द गर्न निर्देशन दिइएको हो । काभ्रेपलाञ्चोकमा सञ्चालित कन्सल्टेन्सीको अनुगमन तीव्र पारिने कार्यालयले जनाएको छ ।

# चुम उपत्यका विद्युत् र सञ्चार सेवाविहीन

**गोरखा/मस–** गोखराको चुम उपत्यका विगत तीन दिनदेखि विद्युत् र सञ्चार सम्पर्कविहीन भएको छ । चुमनुब्री गाउँपालिका–७ मा रहेका छेकम, पारो, जोङ, ङाक्यू, लेरु, लामागाउँ, बुर्जी र छुलेगाउँका करिब तीन सय परिवारका आठ सयभन्दा बढी नागरिक तीन दिनदेखि विद्युत् तथा सञ्चार सम्पर्कविहीन भएको स्थानीय दोर्जे लामाले जानकारी दिए ।

गत आइतबार बिहानदेखि गाउँमा विद्युत्, टेलिफोन र इन्टरनेट सेवा बन्द भएको उनले बताए ।

'कादुरी संस्थाले बनाएको लघुजलविद्युत् आयोजनाको पावरहाउस बिग्रिएर आइतबार बिहानदेखि विद्युत् उत्पादन बन्द भएको छ', लामाले भने,'तीन दिनदेखि वडा नं ७ का लार, पाङ्दुन र निलेबाहेक सबै ठाउँ बस्तीमा बत्ती छैन ।' सोही पावरहाउसबाट लगेको विद्युत्को लाइनले मोबाइलको टावर चलेको भन्दै उनले विद्युत् नभएपछि टेलिफोन र इन्टेरको टावर पनि नचलेको लामाले बताए ।

## निक्षेप उपर हकदाबी गर्ने सम्बन्धी ३५ दिने सूचना

उत्तिम लाल चौधरीको नाति, फुदी लाल चौधरीको छोरा, सप्तरी जिल्ला, हरिहरपुर गा.वि.स वडा नं. ५ हाल राजविराज न.पा. वडा नं. ८ बस्ने, यस बैंकको राजबिराज शाखा कार्यालयको खातावाला भोज प्रसाद चौधरी वैश्यको मिति २०८२/०२/०८ मा मृत्यु भएकोले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको छोरी गुडी देवले यस बैंकमा आवश्यक कागजात सहित निवेदन दिनु भएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदक बाहेक अग्र-प्राथमिकतामा अन्य कुनै हकदार भएमा त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण यस बैंकमा हकदाबी गर्न यो सूचना प्रकाशित गरिएको छ । सो म्यादभित्र हकदाबी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भईजाने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ ।

लक्ष्मी सन्‌राइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited
लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाडौं
फोन नं.: ५९७०६८४, ४२१७०७०
Email: info@laxmisunrise.com
URL : www.laxmisunrise.com

## झापा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**टाघनडुब्बा, झापा**
**कोशी प्रदेश, नेपाल**

**नदीजन्य पदार्थको बिक्रीका लागी शिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना**

**प्रथमपटक प्रकाशित मितिः( २०८२/०५/२४**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२(क) र यस गाउँपालिकाको आर्थिक ऐन, २०८२ को दफा ९ अनुसूची ९ को व्यवस्था बमोजिम तपशिलमा उल्लेखित नदीको स्वीकृत घाटहरूबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी यस गाउँपलिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरूले फर्मको नवीकरण भएको प्रमाण-पत्र, मू.अ.कर दर्ता प्रमाणपत्र, आ. व. २०८०/८१ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरू संलग्न गरी तपशिल बमोजिमका शर्तहरूको अधिनमा रही शिलबन्दी दरभाउपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना (Hardcopy bid) प्रकाशन गरिएको छ ।

**तपशिल :-**

| सि. नं. | सूचना नं./ शिलबन्दी दरभाउपत्र नं. | शिलबन्दी दरभाउपत्रको नाम | न्यूनतम शिलबन्दी दरभाउपत्र रकम (मू. अ. कर समेत) | शिलबन्दी दरभाउपत्र फारम दस्तुर | शिलबन्दी दरभाउपत्र धरौटी र मान्य अवधी | शिलबन्दी दरभाउपत्र पेश गर्नुपर्ने अन्तिम मिति र समय | शिलबन्दी दरभाउपत्र खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | SQ/JHAPA/JRM/ 01/2082-83 | बिरिङ्ग खोलाको नदीजन्य पदार्थ संकलन तथा बिक्री | १६,४४,०५५.०७५।- | १,०००।०० | ३६,०००।०० पेश गर्ने अन्तिम मितिबाट ७५ दिन | २०८२/०६/०८ दिनको १२:०० बजे भित्र | २०८२/०६/०८ दिनको १:०० बजे |

शर्तहरू :

१) योग्य शिलबन्दी दरभाउपत्रदाताहरूले यस सम्बन्धी थप जानकारीको लागि झापागाउँ कार्यपालिकाको कार्यालय, टाघनडुब्बा, झापामा वा ९८५२६३०९०० वा jhapagaunpalika@gmail.com मा सम्पर्क राख्न सक्नेछन् ।
२) योग्य शिलबन्दी दरभाउपत्रदाताहरूले शिलबन्दी दरभाउपत्र सम्बन्धी कागजातहरू झापागाउँ कार्यपालिकाको कार्यालय, टाघनडुब्बा, झापाबाट प्राप्त गर्न सक्नेछन् । शिलबन्दी दरभाउपत्र सम्बन्धी कागजातको दस्तुर रू १,०००।०० (फिर्ता नहुने) यस कार्यालयको नाममा NIC ASIA BANK Ltd. स्थित रहेको खाता नं 2022050512514014 मा जम्मा गरी भौचर पेश गर्नु पर्नेछ ।
३) शिलबन्दी दरभाउपत्र दाखिला गर्ने शिलबन्दी दरभाउपत्रदाताले रू. ३६,०००।०० धरौटी यस कार्यालयको नाममा NIC ASIA BANK Ltd., JHAPA BAZAR BRANCH स्थित रहेको धरौटी खाता नं K2CA051251452407 मा जम्मा गरी भौचर पेश गर्नुपर्ने छ वा मान्यता प्राप्त क वर्गको बैंक बाट यस कार्यालयको नाममा जारी भएको ७५ दिन म्याद (शिलबन्दी दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट) भएको बिडबण्ड धरौटी (Bid Security) स्वरूप पेश गर्नु पर्नेछ ।
४) शिलबन्दी दरभाउपत्र मिति २०८२/०६/०८ गते दिनको १२:०० बजे भित्र पेश गर्नु पर्नेछ । ढिलो गरी प्राप्त शिलबन्दी दरभाउपत्र स्वीकार गरिने छैन ।
५) तोकिएको समयभित्र पेश भएका शिलबन्दी दरभाउपत्रहरू उपस्थित हुन चाहेका शिलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा झापा गाउँपालिकाको कार्यालयमा मिति २०८२/०६/०८ गते दिनको १:०० बजे खोलिनेछ । शिलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएको खण्डमा शिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

**प्रमुख प्रशासकीय अधिकृत**

## इन्द्रेणी मसरुम फार्म लिमिटेड

**चन्द्रागिरी १२, बलम्बु काठमाण्डौं**

**शिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

**(प्रकाशित मितिः २०८२/०५/२४)**

यस संस्थाद्वारा चालु आ.व.२०८२/०८३ मा तपशिल सामानहरु खरिद ठेक्काबाट गर्नुपर्ने भएकोले उक्त कार्य गर्न इच्छुक इजाजत प्राप्त संस्था/फर्म/कम्पनीबाट शिलबन्दी बोलपत्र पेश गर्न आह्वान गरिन्छ । बोलपत्र फारम आजको मितिले १५ दिन समय भित्र निर्धारित समय भित्र चालु आ.व. को लागि नविकरण भएको इजाजत पत्र, आयकर एवं मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र र आ.व. २०८१/८२ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी सहितको रु १०/- को टिकट टाँस गरिएको निवेदन तथा तपशिल बमोजिमका बोलपत्र दस्तुर बुझाएको भौचर वा कम्पनिको चेक सहित शिलबन्दी बोलपत्र पेश गर्न अनुरोध छ । पूर्ण सूचनाको लागि यस संस्थाको सूचनापाटी तथा यस कम्पनीको वेवसाइट https://imf.com.np/ मा हेर्न वा डाउनलोड गर्न अनुरोध छ । शिलबन्दी कोटेशन बुझाउनु अन्तिम मिति २०८२/०६/०७ गते मंगलबारको दिन १२:०० बजे सम्म हुने साथै सोही दिनको २:०० बजे खोलिनेछ ।

**तपशिल**

| सि.न | ठेक्का नं. | ठेक्काको किसिम | कामको विवरण | फारम दस्तुर | बोलपत्र दस्तुर जम्मा गर्ने बैंक खाता नं | धरौटी रकम |
|---|---|---|---|---|---|---|
| १ | IMF/B/001 082-83 | शिलबन्दी दरभाउपत्र | Bunker,Chamber, Growing Room's goods | ५००/०० | Indreni Mushroom Farm Limited खाता नं: ०५०८४०१२१४६३९९०२५ कृषि बिकास बैंक लि, पालुङ्ग | ५०,०००/ |

**नोट : सामानहरुको विवरण यस कम्पनीको वेवसाइट** https://imf.com.np/ **मा प्रकाशन गरिएको छ ।**

## Pachaljharana Rural Municipality
## Office of the Rural Municipal Executive

**Padeksha, Kalikot**
**Karnali Province, Nepal**

**Invitation for Bids**

**Date of Publication:2082/05/24 (09/09/2025)**

1. Pachaljharana Rural Municipality, Office of the Rural Municipal Executive, Kalikot invites e-bid for eligible bidders for the following works:

| S. N | Contract Identification Number | Description Of Works | Bid Validity Period | Estimated Amount Exclusive of VAT and contingencies (NRs.) | Bid Bond Amount (NRs.) | Fee for Bid Document Purchase (NRs) |
|---|---|---|---|---|---|---|
| 1 | PRM/082/083/ GOODS/NCB-01 | Procurement for the supply and delivery medical items upto office of pachaljharana Rural Municipality, Kalikot | 90 days | 20,86,977.83 | 60,000.00 | 3,000.00 |

| Further Information to bidders; | |
|---|---|
| Last date and time of Bid Submission | 10/10/2025 12:00 hours |
| Date, Time and Place of Bid Opening | 10/10/2025 13:00 hours at Pachaljharana Rural Municipality Office, Kalikot |
| Account No. for Bid Document Purchase | Nabil Bank Limited , Padeksha, ANTARIK RAJASHWA KHATA Pachaljharana GA .PA .1.1 Pachaljharana Rural Municipality- 07401017500178 |
| Account No. for Bid Security Deposit | The Bidder shall furnish a bid security as mentioned above, from commercial bank or financial institutions valid for 30 days beyond the validity period of the bid, OR Can deposit the cash in the following Bank.<br>Name of the Bank : Nabil Bank Limited, Padeksha, Kalikot<br>Name of Office : Pachaljharana Rural Municipality<br>Office Account No. : 07401017500193 (Dharauti Khata Pachaljharana GA.PA. 3.0) |

2. Bidders shall submit their bids electronically only .
3. If the last Date of Submission and Opening falls on a Government holiday then the next working day shall be considered as the last day.
4. For more information, please contact Pachaljharana Rural Municipality, Kalikot

**Chief Administrative Officer**

## साउदीमा रोजगार

कम्पनीः THE ARAB CONSTRUCTION AND BUILDING COMPANY-ONE PERSON COMPANY
पूर्व स्वीकृत मितिः २०८२/०२/२७ चलानी नं.: ६०२३९३५७ L.T. No.: 325390 शहरः Saudi Arabia पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver / Heavy Driver | 8 | 0 | स. काममा दक्ष | 1800 | ६७,६०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनीः INTENSION AND VALUES OPERATION AND MAINTENANCE EST. शहरः Saudi Arabia
पूर्व स्वीकृत मितिः २०८२/०२/२२ चलानी नं.: ६०२३९१९४ L.T. No.: 325200 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Lording Labors | 1 | 0 | स. काममा दक्ष | 1000 | ३७,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ ३१ गते (16 September 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

S.P.M. OVERSEAS PVT.LTD. Gov. Lic No. 817/066/067
Bhimsengola, Old Baneshwor-9 Kathmandu, Nepal, Tel: 4587837,4589795, Kathmandu Contact No : 984-2151398
981-3127393 / 9706534871, Email: Spmoverseas@gmail.com, Web.: www.spmoverseas.com

## साउदीमा रोजगार

१ कम्पनीः EWAN HUMAN RESOURCES COMPANY शहरः RIYADH
पूर्व स्वीकृत मितिः २०८२/०५/२३ चलानी नं.: ६०२४४६४४ L.T. No.:330864

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facilities Cleaning Worker | 25 | 0 | स. काममा दक्ष | 1000 | ३७,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

२ कम्पनीः EWAN HUMAN RESOURCES COMPANY शहरः RIYADH
पूर्व स्वीकृत मितिः २०८२/०५/२३ चलानी नं.: ६०२४६४३ L.T. No.:330863

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facilities Cleaning Worker | 25 | 0 | स. काममा दक्ष | 1000 | ३७,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ ३१ गते (16 September 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

रोयल इन्टरनेशनल ओभरसिज प्रा. लि. श्रम ईजाजत नं. : १०३४/०७२/०७३
Tokha-11 Bhandari Tole, Tokha, Kathmandu, Nepal.
Tel: 4985294 / 4985295, Email: info.royal1034@Gmail.com

## सम्पादकीय

# प्रहरी दमनको न्यायिक छानबिन होस्

सुरक्षाकर्मीलाई फूल दिएर माइतीघर मण्डलाबाट सुरु भएको जेनजी प्रदर्शन नयाँ बानेश्वर पुग्दा हिंसात्मक बन्न पुग्यो । कलिला युवा विद्यार्थीमाथि प्रहरीले गोली बर्सायो । सोमबार रातिसम्म १९ जनाको ज्यान गएको छ भने ३ सय ५० भन्दा धेरै घाइते भए । प्रदर्शनकारीमाथि प्रहरीको बर्बर दमनले शाही शासनकाल बिर्साएको छ ।

नेपालमा धेरै प्रयोगकर्ता रहेका सामाजिक सञ्जाल निष्क्रिय रहेकैबेला जेनजी पुस्ताले भ्रष्टाचारविरुद्ध आह्वान गरेपछि नै सरकारले बुझ्नुपर्थ्यो, सामाजिक सञ्जालमा पोखिएको आक्रोश सडकमा पनि आउन सक्छ । समयमै त्यसको हेक्का गर्न सकेको देखिएन । अर्को, आमनागरिकको असन्तुष्टि, निराशा र आक्रोश बेलैमा सम्बोधन गर्नु राज्यको दायित्व हो । बेवास्ता गर्दै जाँदा जुनसुकैबेला विस्फोट हुन सक्छ भन्ने दृष्टान्त जेनजी विद्रोह बनेको छ ।

शान्तिपूर्ण आन्दोलन भड्किनुका पछाडि पनि पक्कै थुप्रै कारण होलान् । प्रदर्शन त्यसै पनि नेतृत्वविहीन छँदै थियो । अगुवाइ गरेका जेनजी नेताहरूले माइतीघर मण्डलाबाट बानेश्वरको निषेधित क्षेत्र पुगेर प्रदर्शन समापन गर्ने भनेका थिए । तर जुलुश निषेधित क्षेत्र तोडेर बानेश्वरतर्फ अघि बढ्यो र संघीय संसद् भवनभित्र छिर्न खोज्यो । निषेधित क्षेत्र तोड्दासम्म संयम देखिएको प्रहरी प्रदर्शनकारीहरू संसद् भवन छिर्न थालेपछि संयम गुमायो र चर्को दमनमा उत्रियो । नियन्त्रणबाहिर गएको प्रदर्शनमा प्रहरीले अस्वाभाविक र अनियन्त्रित बल प्रयोगले ठुलो मानवीय क्षति पुगेको देखिन्छ ।

त्यसो त प्रहरी प्रशासनको सुरक्षा रणनीति पूरै असफल भयो । जेनजी प्रदर्शनलाई कम आँकेर आन्दोलनको आंकलन, मूल्यांकन र भीड व्यवस्थापनको राम्रो तयारी नगरेकैले एकातर्फ प्रदर्शनकारीहरू संसद् भवनमा तोडफोड र आगजनी गर्न पुगे भने अर्कोतर्फ कलिला युवाहरूले ज्यान गुमाउनुपर्‍यो । चैत १५ होस् वा २३ भदौ, निरन्तर कमान्ड हाँक्न असफल गृहमन्त्री रमेश लेखकले राजीनामा दिएका छन् । गृहमन्त्रीले राजीनामा गर्दैमा यति ठुलो दमनबाट सरकारले उन्मुक्ति पाउन सक्दैन । भ्रष्टाचार र नेपो बेबीविरुद्ध जेनजी पुस्ताले उठाएको माग सम्बोधन गर्नुपर्छ । सँगै नागरिकको मौलिक हकसमेत प्रभावित हुनेगरी सामाजिक सञ्जाल निष्क्रिय पार्ने सरकारी निर्णय फिर्ता लिनुपर्छ । प्रहरीको बर्बर दमनको उच्चस्तरीय न्यायिक छानबिन गर्नुपर्छ । बढ्दो दण्डहीनता अन्त्यका लागि पनि घटनाका प्रत्यक्ष दोषीमाथि कडा कारबाही गर्नैपर्छ ।

# के खोजिरहेछ 'जेन जी' पुस्ता ?

*'जेन जी'ले 'के हो भन्नु मात्र होइन, के हुन सक्छ भनेर कल्पना गर्ने' साहस राख्छ । उनीहरू सामाजिक दबाबमा झुक्ने होइन, त्यसलाई परिवर्तन गर्न तयार छन् ।*

अग्रलेख



● अपूर्व नेपाल

'जेन जी', सन् १९९७ देखि २०१२ को आसपास जन्मिएका व्यक्तिहरूलाई जनाउने शब्द हो । यो पुस्ता अहिले संसारभरि सामाजिक, सांस्कृतिक, प्रविधि र राजनीतिक दृष्टिकोणबाट सबैभन्दा प्रभावशाली पुस्तामध्ये एक बनेको छ । यसको कारण संख्या मात्र होइन, उनीहरूको सोच, व्यवहार, जीवनशैली र मूल्य मान्यता पनि हो । यो पुस्ताले अहिलेको डिजिटल युगमा हुर्किएर संसार हेर्ने तरिका नै फरक बनाएका छन् । जेन जी पुस्ता के खोजिरहेको छ भन्ने प्रश्नको उत्तर सजिलो छैन, किनभने यो पुस्ता परम्परागत ढाँचाबाट बाहिर निस्केर आफ्नो बाटो आफैं बनाउँदै छ । तथापि, केही मुख्य विषयहरू छन्, जसमा यो पुस्ताको खोज, चाहना र आकांक्षा देखिन्छन् ।

सर्वप्रथम, जेन जी पुस्ता 'असलीपन'को खोजीमा छ । सामाजिक सञ्जाल, प्रविधि र ब्राण्डहरूले भरिएको संसारमा हुर्किएका यी युवाहरूलाई अब बनावटीपन, झूटो प्रचार र सतही व्यवहारहरू मन पर्दैन । उनीहरू प्रामाणिकता खोज्छन्, चाहे त्यो व्यक्तिगत सम्बन्धमा होस्, चाहे सामाजिक मुद्दामा, चाहे राजनैतिक नेताहरूमा । सामाजिक सञ्जालमा देखिने चम्किलो जीवनभन्दा पनि तिनीहरू यथार्थपरक कथा र अनुभवप्रति बढी आकर्षित छन् । यही कारणले गर्दा अहिलेको डिजिटल कन्टेन्टमा 'रअ', 'अनफिल्टर' र 'रिलिटेबल' भन्ने कुरा बढी मूल्यवान् बन्न थालेको छ ।

जेन जी पुस्ता आत्म-पहिचानको खोजीमा छ । यो पुस्ताले आफ्नो लैंगिकता, यौनिकता, जातीयता र सामाजिक पहिचानका विषयमा खुल्लापन देखाएको छ । परम्परागत मान्यताहरूलाई चुनौती दिने र आफ्नो पहिचानलाई आफैं परिभाषित गर्ने चाहनाले गर्दा यी युवा स्वतन्त्र सोच भएका देखिन्छन् । उनीहरूका लागि पहिचान कुनै निश्चित फ्रेममा अड्किएको छैन । यही सोचका कारण लिंग, यौनिकता वा धर्मका आधारमा हुने भेदभावप्रति उनीहरू बढी सजग र आलोचक छन् ।

जेन जी पुस्ताको अर्को गहिरो खोज हो - उद्देश्य र अर्थ । केवल पैसाको लागि काम गर्ने सोचले यो पुस्तालाई धेरै उत्साहित गर्दैन । उनीहरू चाहन्छन् यस्तो काम जसमा उनीहरूले कुनै सामाजिक वा व्यक्तिगत अर्थ भेटून्, चाहे त्यो वातावरण संरक्षणमा होस् वा मानसिक स्वास्थ्यको क्षेत्रमा वा प्रविधिको माध्यमबाट जीवनलाई सरल बनाउने प्रयासमा । उनीहरू ती संस्थासँग आवद्ध हुन चाहन्छन् जसको उद्देश्य समाजमा केही सकारात्मक प्रभाव पार्नु हो ।

प्रविधिको प्रयोग र नवप्रवर्तनमा पनि यो पुस्ता अगाडि छ । उनीहरू डिजिटल युगको पहिलो 'नेटिभ' पुस्ता हुन्, जसले इन्टरनेट, स्मार्टफोन, सामाजिक सञ्जाल र कृत्रिम बुद्धिमत्ताको विकास आफ्नै आँखाले देखेका छन् र दैनिक जीवनमा प्रयोग गरिरहेका छन् । तर, यिनको प्रविधिप्रतिको सम्बन्ध केवल प्रयोगमा सीमित छैन; यो पुस्ता प्रविधिलाई सामाजिक परिवर्तनको औजारको रूपमा हेर्छ । चाहे तिनीहरूले टिकटक प्रयोग गरून् वा मेटाभर्समा काम गरून्, उनीहरू प्रविधिलाई सिर्जनात्मकता, आत्म-अभिव्यक्ति र समुदाय निर्माणको साधनका रूपमा लिन्छन् ।




जेन जी पुस्ता सम्बन्धमा पनि नयाँ धारणा बोकेर आएको छ । उनीहरूका लागि सम्बन्ध भनेको केवल पारिवारिक दबाब वा सामाजिक अपेक्षा होइन । बरु, एक-अर्कालाई बुझ्ने, समर्थन गर्ने र स्वतन्त्र रूपमा बढ्न सहयोग गर्ने सम्बन्ध चाहिन्छ । यो पुस्ता मानसिक स्वास्थ्यप्रति बढी सजग छ र सम्बन्धभित्रको भावनात्मक सुरक्षालाई विशेष प्राथमिकता दिन्छ । मानसिक स्वास्थ्यलाई लिएर खुल्ला बहस गर्ने, चिकित्सकको सहयोग लिनु लाजको कुरा होइन भन्ने सोच पनि यही पुस्ताबाट बढ्दै गएको हो ।

शिक्षा र करियरका क्षेत्रमा पनि जेन जी पुस्ता भिन्न सोच बोकेको देखिन्छ । परम्परागत रुपमा 'अध्ययन गर, डिग्री पाऊ, जागिर गर' भन्ने सोचभन्दा बाहिर गएर उनीहरू 'सीपमा आधारित' सिकाइमा विश्वास राख्छन् । अनलाइन कोर्सहरू, सर्टिफिकेट प्रोग्रामहरू र स्वतन्त्र अध्ययनमार्फत ज्ञान हासिल गर्न चाहने यो पुस्ता विकल्पहरूमा विश्वास गर्छ । तिनीहरू कामसँग स्वतन्त्रता र लचिलोपन चाहन्छन्, जस्को अर्थ केवल काम गर्नु होइन, जीवन जिउनु पनि हो । परिवार र समुदायको अवधारणामा पनि यो पुस्ता फरक सोच राख्छ । केवल जन्मको आधारमा हुने सम्बन्धभन्दा बढी, उनीहरू साझा विचार, मूल्य र भावनामा आधारित समुदाय निर्माण गर्न चाहन्छन् । उनीहरू आफैं जस्तै सोच राख्ने व्यक्तिहरूसँग सुरक्षित र स्वीकृत महसुस गर्न चाहन्छन् ।

उपभोक्ताको रूपमा जेन जी पुस्ता बढी सचेत छ । उनीहरू किन्दछन्, तर सोचेर किन्दछन् । ब्राण्डहरूको सामाजिक मूल्य, वातावरणीय प्रभाव र कार्यस्थल संस्कृतिलाई मूल्यांकन गरेर मात्र उनीहरू उपभोग गर्छन् । यही कारणले गर्दा अहिलेको बजारमा

> *'जेन जी' पुस्ता केवल नयाँ प्रविधिको प्रयोगकर्ता मात्र होइन, सामाजिक परिवर्तनको चालक शक्ति पनि हो । उनीहरू केवल आफैंका लागि होइन, समाजका लागि पनि मूल्य खोजिरहेका छन् । आफूलाई चिन्ने, स्वीकार्ने, अभिव्यक्त गर्ने र प्रभाव पार्ने प्रक्रिया नै यो पुस्ताको खोज हो ।*

'नैतिक उपभोक्तावाद' को चर्चा बढ्दै गएको हो । कुनै ब्राण्डले यदि सामाजिक दृष्टिले गलत व्यवहार गर्‍यो भने, त्यो तुरुन्तै बहिष्कृत हुन्छ – यिनीहरूका लागि ब्राण्डको इमेज भन्दा पनि त्यसको व्यवहार महत्वपूर्ण हुन्छ ।

यसरी हेर्दा, जेन जी पुस्ता केवल नयाँ प्रविधिको प्रयोगकर्ता मात्र होइन, सामाजिक परिवर्तनको चालक शक्ति पनि हो । उनीहरू केवल आफैंका लागि होइन, समाजका लागि पनि मूल्य खोजिरहेका छन् । आफूलाई चिन्ने, स्वीकार्ने, अभिव्यक्त गर्ने र प्रभाव पार्ने प्रक्रिया नै यो पुस्ताको खोज हो । अनि यो खोज केवल व्यक्तिगत स्तरमा सीमित छैन, सामूहिक रूपमा पनि उनीहरू परिवर्तनको माग गर्दैछन् ।

जेन जी पुस्ता एउटा यस्तो पुस्ता हो जसले 'के हो भन्नु मात्र होइन, के हुन सक्छ भनेर कल्पना गर्ने' साहस राख्छ । उनीहरू सामाजिक दबाबमा झुक्ने होइन, त्यसलाई परिवर्तन गर्न तयार छन् । उनीहरूका लागि जीवनको उद्देश्य केवल बाँच्नु होइन, अर्थपूर्ण रूपमा बाँच्नु हो । त्यसैले, जेन जी पुस्ता के खोजिरहेको छ भन्ने प्रश्नको उत्तर हो – सत्य, स्वीकृति, उद्देश्य, न्याय र सम्भावनाको संसार ।

***(लेखक नेपाल, साइबर विज्ञ हुन् ।)***

## इतिहासमा आज

९ सेप्टेम्बर १९६९ मा क्यानडामा आधिकारिक भाषा ऐन लागू भएको थियो । जसले फ्रान्सेली भाषालाई अंग्रेजी बराबर मान्यता दिएको थियो ।



९ सेप्टेम्बर १९७० मा प्यालेस्टाइनको मुक्ति मोर्चाले एक ब्रिटिश विमानलाई अपहरण गरी जोर्डनको डसनको मैदानमा उडाएको थियो ।




९ सेप्टेम्बर १९८८ मा भियतनाम एयरलाइन्सको उडान ८३१ डोन मुआङ अन्तर्राष्ट्रिय विमानस्थल नजिकै पुग्दा थाइल्याण्डको खु खोटमा दुर्घटनाग्रस्त भएको थियो । जसमा ७६ जनाको मृत्यु भएको थियो ।



९ सेप्टेम्बर २०१६ मा उत्तर कोरियाको सरकारले आफ्नो पाँचौं सबैभन्दा ठूलो आणविक परीक्षण गरेको थियो । विश्व नेताहरूले यस कार्यको निन्दा गरेका थिए । दक्षिण कोरियाले यसलाई 'पागल लापरवाही' भनेको थियो ।



## सामाजिक सञ्जाल



**गोकुल बाँस्कोटा**

जेन जी र अल्फा पुस्ता आइसक्यो तर यहाँ बेबी ब्रुमर पुस्ताले थर्काउँदैछ । हाहु मा हैन क्षितिज पारी सम्म नियालेर ऊ आयो भने कसैले रोक्न सक्दैन । मौसम त दुई महिनामा हल्का रंग फेर्छ,राजनीतिमा छेपारे र चेपारे प्रवृत्तिसँग किन गुनासो ? हरेक दशकले त्यो चटक भोग्दै त आएको छ ।



**कृष्ण घिमिरे**

सर्वसत्तावाद र भ्रष्टाचारले सीमा नाघ्यो । कसैले हामीलाई चलाउन, हल्लाउन सक्दैन, सारा जनता कांग्रेस एमालेका रैती हुन भन्ने घमन्डको पराकाष्ठा छ । यसलाई चिर्ने युवा शक्तिले हो । २०४६, ०६२ को आन्दोलनमा पनि युवा अग्रपंतीमा थिए । युवा जागुन्, ३ सहरमा मात्र होइन, यो अभियान देशव्यापी होस ।



**निशा डाँगी**

जेब्रा क्रसिङमा पैदल यात्रीलाई ठक्कर दिएर मन्त्री सवार गाडी फरार हुनु कुनै सामान्य दुर्घटना होइन, यो सरासर गैरजिम्मेवारी हो । पैदल यात्रीको पहिलो अधिकार हुने ठाउँमै गाडी कुदाएर भाग्नु, अनि प्रधानमन्त्रीबाट "सामान्य छोएको" भनेर पन्छिनु झन् दुःखद र असंवेदनशील अभिव्यक्ति हो ।



**विनोद न्यौपाने**

मुलुकमा सर्वसाधारणका लागी केही गर्लान् भनेर नेपाली कांग्रेस र नेकपा एमाले गठबन्धनलाई समर्थन गरेर लेखियो,बोलियो तर यी जति मादल चोर कोही निस्किएनन् । ठूलो कुरा गरी सात बुँदा पनि पेस गरे,संविधान संशोधनका कुरा गरे, लौ भनियो,अहिले त हामीले सामान्य चलाउने सामाजिक सञ्जाल नै बन्द गरे, हल्लुँडले ।

# पितृ कर्म र सन्तानको जिम्मेवारी

धर्म-संस्कृति




● नारायणबहादुर बस्नेत

> *सोह्र श्राद्ध 'महालय श्राद्ध' हो, जसमा तीन पुस्तासम्मका पितृहरू (बुबाको, आमाको र ससुरालीपट्टीका) तथा पछाडिका सोह्र पुस्तासम्मका पितृहरूलाई तर्पण दिइन्छ । यसरी, श्राद्ध केवल व्यक्तिगत होइन- वंश, समाज र संस्कारकै सामूहिक स्मरण र सम्मान हो । विज्ञानले पनि वंशाणुगत असरलाई प्रमाणित गरिसकेको छ...*

सोह्रश्राद्ध भदौ २३ गते अर्थात् असोज कृष्ण प्रतिपदाबाट प्रारम्भ भएको छ । यो अवसरमा हामीले केवल धार्मिक परम्परा मात्र होइन, संस्कार, विज्ञान र समाज सुधारलाई पनि आत्मसात् गर्नुपर्छ । श्राद्ध हाम्रो पितृ ऋण तिर्ने कर्तव्य मात्र होइन, यो एक प्रकारको जीवन साधना हो– जहाँ परिवार, वंश, समाज र आध्यात्मिक उत्तरदायित्व एकसाथ जोडिन्छन् । शास्त्रीय मान्यताअनुसार श्राद्ध कर्म छोराले श्रद्धापूर्वक गर्नु उसको धर्म हो । यस पुण्यकर्मले पितृ तृप्ति त दिलाउँछ नै समाजमा बढ्दो नैतिक पतन र अपराध प्रवृत्तिलाई पनि कमजोर पार्ने आन्तरिक शक्ति प्रदान गर्छ ।

श्राद्ध केवल कर्मकाण्ड होइन– यो हाम्रा पूर्वजप्रतिको आत्मिक स्नेह, वंशीय सम्मान र संस्कारको अभिव्यक्ति हो । शास्त्रले स्पष्ट रूपमा भनेको छ- श्राद्ध कर्म समयमै गर्नु अनिवार्य छ । 'एकोतृष्ट श्राद्ध' (एक पटक गरिने विशेष श्राद्ध) तोकिएको तिथि र समयमै सम्पन्न हुनुपर्छ । यदि त्यो छुट्यो भने 'भोली गर्छु' भनेर टार्न मिल्दैन । यस्तो अवस्थामा श्राद्धको विधि बिस्तारै सम्हाली राखी पौषे औँसीमा संयुक्तरूपमा गर्नुपर्ने हुन्छ । यसरी हेर्दा, देवताको पूजाभन्दा श्राद्ध अझ समयबद्ध, संवेदनशील र उत्तरदायित्वयुक्त कर्म हो । हामी गायन, वादन, लेखन वा अन्य कुनै पनि विधामा सफलता पाउन साधना गर्छौं । त्यसैगरी, धार्मिक वा आध्यात्मिक कर्ममा पनि साधना आवश्यक छ ।

राजेशपायल राईको स्वर जस्तो गायन केवल 'गाउने इच्छा'ले आउँदैन, त्यसका लागि 'सा रे ग म' को निरन्तर अभ्यास चाहिन्छ । त्यसैगरी, श्राद्ध पनि साधना हो, अनुशासन, श्रद्धा र समयपालनसहितको । हामी मन्दिर गएका बेला आँखा चिम्लेर भगवानको ध्यान गर्छौं, किनभने ईश्वरलाई बाह्य उज्यालोमा होइन, आन्तरिक शुद्धि र ध्यानको अन्धकारमा भेटिन्छ । श्राद्धको बेला आत्मावलोकन, श्रद्धा र चित्तशुद्धि आवश्यक हुन्छ । अन्धकार प्रतीक हा-वैराग्य, समर्पण र आत्मचिन्तनको,



जहाँबाट मात्रै पितृको सन्तुष्टि सम्भव हुन्छ ।

सोह्र श्राद्ध 'महालय श्राद्ध' हो, जसमा तीन पुस्तासम्मका पितृहरू (बुबाको, आमाको र ससुरालीपट्टीका) तथा पछाडिका सोह्र पुस्तासम्मका पितृहरूलाई तर्पण दिइन्छ । यसरी, श्राद्ध केवल व्यक्तिगत होइन- वंश, समाज र संस्कारकै सामूहिक स्मरण र सम्मान हो । विज्ञानले पनि वंशाणुगत असरलाई प्रमाणित गरिसकेको छ । जब हामी डाक्टरकहाँ जान्छौं, तिनले हजुरबुबासम्मको रोगको इतिहास सोध्छन् ।

यो सन्देश दिन्छ कि कर्म, वंश र पुनर्जन्म आपसमा गहिरो रूपमा गाँसिएका छन् । ४० प्रतिशतसम्म आचरण-व्यवहार वंशाणुगत गुणबाट प्रभावित हुन्छ भन्ने वैज्ञानिक तथ्यले पितृ कर्मको निरन्तरताको मान्यतालाई पुष्टि गर्छ । जीवनलाई फुटबलको खेलसँग तुलना गर्दा, हामी हरेक व्यक्ति खेलाडी हौं । समाज, परिवार र छिमेकीहरू दर्शक हुन् । हाम्रो कर्मको प्रदर्शन समाजले हेर्दैछ, टिप्पणी गर्दैछ । त्यसैले, यदि हामीले जीवनलाई जिम्मेवारीसाथ खेलेर असल कर्म गर्‍यौं भने समाज स्वतः सुधारिनेछ । श्राद्ध केवल परम्परा होइन, श्रद्धा, साधना, विज्ञान र समाज सुधारसँग जोडिएको गहिरो जीवन-दर्शन हो । हामी सबैको कर्तव्य हो- यस्ता धर्म, संस्कार र विज्ञानमा आधारित परम्परालाई बचाउने, पछिल्लो पुस्तामा हस्तान्तरण गर्ने र आफ्ना पितृप्रति सम्मानपूर्वक श्रद्धाञ्जली अर्पण गर्ने ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । – सं.

मध्याह्न
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

२४ भदौ २०८२ मंगलबार
9 September 2025 Tuesday

# 'छक्का पञ्जा' टिमले अमेरिका कमेडी टुर सुरु गर्दै



**काठमाडौं/मस–** अभिनेता दीपकराज गिरी र अभिनेत्री दीपाश्री निरौलाले आगामी 'छक्का पञ्जा यूएसए कमेडी टुर २०२५' बाल्टिमोर (मेरिल्यान्ड)बाट सुरु गर्ने भएका छन् । सेप्टेम्बर १९ मा बाल्टिमोरमा हुने उद्घाटन कार्यक्रममा सहभागी कलाकारहरूले अमेरिकाभरका दर्शकलाई हाँसो र मनोरञ्जन दिने तयारी गरेका छन् ।

आयोजकले दिएको जानकारीअनुसार टुरअन्तर्गत सेप्टेम्बर २० मा कोलम्बस, २१ मा एक्रोन, २७ मा टेक्सासको डालसमा कार्यक्रम हुनेछ । अमेरिकाका १५ सहरमा टुर आयोजना गरिनेछ भने बाँकी मिति चाँडै सार्वजनिक गरिने जनाइएको छ ।

यसपटक 'डालस मोमो फेस्टिभल'मा करिब १५ हजार दर्शकको उपस्थिति हुने अपेक्षा गरिएको छ । टुर आत्रेय प्रोडक्सन हाउस र ग्लोबल इभेन्ट्सको संयुक्त आयोजनामा हुँदैछ भने कोरेभेक्स सोलुसनको संयोजनमा हर्षित घिमिरे संलग्न छन् । अमेरिकामा कार्यक्रमको जिम्मेवारी सुदिप आत्रेय र सुमन अधिकारीले लिएका छन् ।

'छक्का पञ्जा' टिमका दीपक र दीपाश्रीसँगै जितु नेपाल, आसिफ शाह, मीना पोखरेल र धर्मेन्द्र सेवानले पनि प्रस्तुति दिनेछन् । कार्यक्रममा हास्य-प्रहसनसँगै सांगीतिक प्रस्तुति रहने आयोजकले जनाएका छन् ।

डेढ दशकपछि अमेरिका टुरमा निस्कँदै गरेका दीपकराज गिरीले दर्शकसँग प्रत्यक्ष भेट्न पाउँदा निकै उत्साह लागेको बताए ।

दीपाश्री निरौलाले लामो समयपछि स्टेजमा प्रस्तुत हुने भएकाले अलि नर्भस भए पनि दर्शकसँग दशैं मनाउन पाउँदा खुशी लागेको बताइन् । अभिनेता जितु नेपालले पनि दशैं अमेरिकावासी दर्शकसँगै रमाइलो गर्दै मनाउने अवसर पाउनु ठुलो खुशीको विषय भएको बताए ।

दीपकराज, दीपाश्री र जितुबीच केही वर्षअघि 'महानायक' विवादपछि सम्बन्ध चिसिएको थियो । तर 'छक्का पञ्जा यूएसए कमेडी टुर' मार्फत उनीहरूले पुनः सहकार्यको यात्रा सुरु गरेका छन् । आइतबार काठमाडौंमा आयोजित पत्रकार सम्मेलनमा उनीहरू एकसाथ उपस्थित भई आगामी टुरबारे जानकारी दिएका थिए ।

आत्रेय प्रोडक्सन हाउसले यसअघि गायक प्रकाश सपुतको सांगीतिक कार्यक्रमसमेत आयोजना गरेको थियो ।

# 'अभिमन्यु'को रिलिज स्थगित



**काठमाडौं/मस–** देशभरि जेनजी आन्दोलनपछि बनेको असामान्य परिस्थितिलाई मध्यनजर गर्दै नेपाली फिल्म 'अभिमन्यु'ले तय गरेको प्रदर्शन मिति सारिएको छ ।

निर्माता संस्था सेभेन सिज सिनेमाले विज्ञप्ति जारी गर्दै भदौ २७ गते फिल्म रिलिज नहुने जानकारी दिएको छ ।

निर्माता विनोद पौडेलले विज्ञप्तिमा भनेका छन्, 'यो दुःखद घडीमा मनोरञ्जनका कार्यक्रम सार्वजनिक गर्नु नैतिक र भावनात्मक दृष्टिले उचित नठानेर, फिल्म तोकिएको समयमा प्रदर्शन नगर्ने निर्णय गरेका हौं ।'

फिल्मको नयाँ प्रदर्शन मिति चाँडै तय गरेर सार्वजनिक गरिने कम्पनीले जनाएको छ । साथै, जेनजी आन्दोलनका क्रममा ज्यान गुमाउनेप्रति श्रद्धाञ्जली अर्पण गर्दै घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गरिएको छ ।


**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६३/१०/०१ मा दर्ता भएको **प्रा. लि. नं. ४३५९०२** को **कोमल इन्टरनेशनल सर्भिसेज प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०५/२३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३२ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
**वैदेशिक रोजगार विभागको**
**दावी विरोध सम्बन्धी सूचना**
**प्रकाशित मितिः २०८२/०५/२४**

यस विभागबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजतपत्र प्राप्त संस्था श्री **Aakarshan International Pvt. Ltd. (इ.प.नं. ६०९/०६२/६३)**को साविकको ठेगाना **काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ०९** परिवर्तन गरी **काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ०७** कायम गर्न माग भई आएकोले उक्त प्रा.लि. को माग बमोजिम साविकको ठेगाना परिवर्तन गर्दा कोही कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस विभागको संस्था दर्ता तथा समन्वय शाखामा उजुरी/निवेदन पेश गर्नु हुन अनुरोध छ । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**कर्मचारी नरहेको सूचना**

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय सँचालन गर्न इजाजत प्राप्त यस DYNAMIC STAFFING SOLUTION NEPAL PVT. LTD. (**श्रम इजाजत पत्र नं. ८९६/०६७/०६८**) मा कार्यरत निम्न कर्मचारी हाल यस कार्यालयमा कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । साथै निज व्यक्तिसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि कार्य/आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे/गरायमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी विरोध भएमा ७ दिनभित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभागमा सम्पर्क गर्नहुन अनुरोध गरिन्छ ।

| क्र. स. | नाम | नागरिकता नं | पद |
|---|---|---|---|
| १ | उज्वल भण्डारी | ५३१/५६ | कर्मचारी |
| २ | मोहनकुमार थापा | ४९६३० | कर्मचारी |
| ३ | बासुदेव श्रेष्ठ | २३२३ | कर्मचारी |
| ४ | सुनिल थापा | २११०१९/८२३ | कर्मचारी |
| ५ | विनोद गुरुङ | ४३०१७३-०८५२६ | कर्मचारी |
| ६ | सविना श्रेष्ठ | ४३-०१-७३-०३५३५ | कर्मचारी |
| ७ | देविका दराई | ६३५५९ | कर्मचारी |
| ८ | डिलु माया दुरल | १३-०१-७१-०२१११ | कर्मचारी |

DYNAMIC STAFFING SOLUTION NEPAL PVT. LTD.
Mahadevsthan, Koteshwor-32, Kathmandu. Tel. No.: 01-4357828 | 4359518 Gov. Lic. No.: 896/067/068



**Nepal Electricity Authority**
**Chameliya Hydropower Station**
**Notice Regarding Intent to Accept Technical Bid**
Notice Publication Date: 2082/05/24

| Sealed Tender No./ Type of Bidding | Name & Address of Qualified Bidders in Technical Evaluation | Price Bid Opening Date, Time & Place |
|---|---|---|
| NEA-CHEPS-2081/082-EMT-04 | 1. M/s Trishala International Pvt. Ltd., Baneshwor, Kathmandu.<br>2. M/s Mahavir Shree International Pvt.Ltd., Sinamangal, Kathmandu. | NEA,Chameliya Hydropower Station., Balanch, Darchula. on 2082/05/31 (16th September 2025) [14:00] |

**कतारमा रोजगार** कम्पनीः ALL S BINA FACILITY MANAGEMENT AND SERVICES शहरः DOHA
पूर्व स्वीकृत मितिः २०८२/०५/२३ चलानी नं.:६०२४४६४५ L.T. No.:330850

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Admin Manager | 1 | 0 | स. काममा दक्ष | 5700 | २,१९,७९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Business Executive/merchandiser | 1 | 0 | | 4500 | १,७३,५२० | | | | | | | |
| 3. | Cashiers | 1 | 0 | | 1700 | ६५,५५२ | | | | | | | |
| 4. | Cleaner General | 0 | 3 | | 1000 | ३८,५६० | | | | | | | |
| 5. | Drycleaner | 3 | 0 | | 1000 | ३८,५६० | | | | | | | |
| 6. | Helper | 2 | 0 | | 1000 | ३८,५६० | | | | | | | |
| 7. | Labour | 3 | 0 | | 1000 | ३८,५६० | | | | | | | |
| 8. | Office Cleaner | 1 | 0 | | 1000 | ३८,५६० | | | | | | | |
| 9. | Purchasing Manager | 1 | 0 | | 5700 | २,१९,७९२ | | | | | | | |
| 10. | Receptionist | 0 | 1 | | 3000 | १,१५,६८० | | | | | | | |
| 11. | Representative | 1 | 0 | | 3000 | १,१५,६८० | | | | | | | |
| 12. | Waiters | 0 | 2 | | 1700 | ६५,५५२ | | | | | | | |
| 13. | Waitress | 1 | 0 | | 1700 | ६५,५५२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ ३१ गते (16 September 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt. Lic No.: 367/059/060
SUNERA NEPAL INCORPORATED PVT. LTD.
Post Box No: 19023, Maharajgunj- 03, Basbari, Kathmandu
Tel.: 01-5908134, 5908135, 9851063268,9851034709,9801907630
Email ID: info@suneranepal.com.np, Website: www.suneranepal.com


## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
## धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना

**प्रकाशित मितिः २०८२/०५/२४**

यस सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेडको शाखा कार्यालय पथलैया, बाराबाट तपसिलमा उल्लेखित तपाई ऋणीहरुले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवम् मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्नेतर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्ने बारेमा, ऋणी **अनोवर मिया अंसारी, अर्जुन साह, सुनिता देवी र संजय साह तुरहा** को हकमा मिति वि.सं. २०८१/०७/१२ मा नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना र ऋणी **जगा साह सोनार र जय किशोर साह** को हकमा मिति वि.सं. २०८१/०९/११ मा मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणीहरु तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको साँवा, ब्याज समेत चुक्ता भुक्तानी गर्नेतर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो १५ (पन्ध्र) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आह्वान गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिनमा बैंकको शाखा कार्यालय पथलैया, बारामा दिउँसो ४:०० बजे गोप्य शिलबन्दी खोलिनेछ । सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फर्म बुझाउन समेत अनुरोध गरिन्छ । सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली, २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ बमोजिम बैकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराईएको छ ।

### तपसिल

**१. कर्जा शिर्षक : सिटिजन्स फाष्ट ट्र्याक आवधिक कर्जा**

**ऋणीको नाम र ठेगाना**
नाम : **अनोवर मिया अंसारी**
पत्नि : कलिमा खातुन
बाबु : मोहमद हुसेन सिया अंसारी
बाजे : उमत मिया
ठेगाना : मनहर्वा गा.वि.स.-५, बारा
हाल : कलैया उ.मा.न.पा.-२४, बारा
ना.प्र.नं. : ३३१०६९/४११३
जारी मिति : २०६४/०२/१५
जि.प्र.का. : बारा

**जमानीकर्ताको नाम र ठेगाना**
नाम : **कलिमा खातुन**
पति : अनोवर मिया अंसारी
ससुरा : मोहमद हुसेन सिया अंसारी
बाबु : अरसाद मिया अंसारी
ठेगाना : मनहर्वा गा.वि.स.-५, बारा
हाल : कलैया उ.मा.न.पा.-२४, बारा
ना.प्र.नं. : १२२०/२१३२
जारी मिति : २०५७/१०/१७
जि.प्र.का. : बारा

**धितो राखिएको सम्पत्तिको विवरण**
**धितो सुरक्षण धनीको नामः– कलिमा खातुन**

| जिल्ला | न.पा./गा.वि.स. | वडा नं/नक्सा सिट नं. | कि.नं. | क्षेत्रफल (वि.क.धु.) | कैफियत |
|---|---|---|---|---|---|
| बारा | भोडहा | ५ क | ७३३ | ०-०-९-८ | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत । |

**२. कर्जा शिर्षक : सिटिजन्स वान जोन वान प्रोडक्ट आवधिक कर्जा**

**ऋणीको नाम र ठेगाना**
नाम : **अर्जुन साह**
बाबु : बिन्दा साह कानु
बाजे : दिपलाल साह
ठेगाना : पिप्रा सिमरा - ९, बारा
हाल : कलैया उ.मा.न.पा.-२४, बारा
ना.प्र.नं. : ३३२०८१/२४४८२
जारी मिति : २०६५/०६/१७
जि.प्र.का. : बारा

**जमानीकर्ताहरुको नाम र ठेगाना**
१. नाम : **शोभा साह कानु**
पति : बिन्दा साह कानु
ससुरा : दिपलाल साह
बाबु : राजाराम साह
ठेगाना : पिप्रा सिमरा -९, बारा
हाल : कलैया उ.मा.न.पा.-२४, बारा
ना.प्र.नं. : ३३२०८१/२२९३८
जारी मिति : २०६४/०२/१७
जि.प्र.का. : बारा

२. नाम : **बिन्दा साह कानु**
बाबु : दिपलाल साह
बाजे : प्रताप साह
ठेगाना : पिप्रा सिमरा -९, बारा
हाल : कलैया उ.मा.न.पा.-२४,बारा
ना.प्र.नं. : ३३२०८१/१११
जारी मिति : २०६३/११/०६
जि.प्र.का. : बारा

३. नाम : **सिमा साह**
पति : अर्जुन साह
ससुरा : बिन्दा साह कानु
बाबु : मदन साह कानु
ठेगाना : जितपुर सिमरा -१, बारा
हाल : कलैया उ.मा.न.पा.-२४, बारा
ना.प्र.नं. : ३३-०२-७५-०२८१७
जारी मिति : २०७५/०९/२५
जि.प्र.का. : बारा

४. नाम : **सुर्य नारायण साह**
बाबु : बिन्दा साह कानु
बाजे : दिपलाल साह
ठेगाना : पिप्रा सिमरा -९, बारा
हाल : कलैया उ.मा.न.पा.-२४, बारा
ना.प्र.नं. : ३३२०८१/२४४८४
जारी मिति : २०६५/०६/१७
जि.प्र.का. : बारा

५. नाम : **भिम साह**
बाबु : बिन्दा साह कानु
बाजे : दिपलाल साह
ठेगाना : पिप्रा सिमरा -९, बारा
हाल : कलैया उ.मा.न.पा.-२४, बारा
ना.प्र.नं. : ३३२०८१/२४४८१
जारी मिति : २०६५/०६/१७
जि.प्र.का. : बारा

**धितो राखिएको सम्पत्तिको विवरण**
**धितो सुरक्षण धनीको नामः– बिन्दा साह कानु**

| जिल्ला | न.पा./गा.वि.स. | वडा नं/नक्सा सिट नं. | कि.नं. | क्षेत्रफल (वि.क.धु.) | कैफियत |
|---|---|---|---|---|---|
| बारा | भोडहा | ५ क | १०१५ | ०-१-४ | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत । |
| | | | १०१९ | ०-२-३१/२ | |

**३. कर्जा शिर्षक : सिटिजन्स सवारी कर्जा**

**ऋणीहरुको नाम र ठेगाना**
१. नाम : **सुनिता देवी**
पति : संजय साह तुरहा
ससुरा : पन्नालाल साह
बाबु : रुपलाल साह तुरहा
ठेगाना : बिरगंज -२८, पर्सा
हाल : बिरगंज -२५, पर्सा
ना.प्र.नं. : ३४-०१-७३-११११९
जारी मिति : २०७३/१०/१४
जि.प्र.का. : पर्सा

२. नाम : **संजय साह तुरहा**
बाबु : पन्नालाल साह
बाजे : राधा साह तुरहा
ठेगाना : सिर्सिया खल्वाटोल -२, पर्सा
हाल : बिरगंज -२५, पर्सा
ना.प्र.नं. : ८८७८२५२६
जारी मिति : २०६३/०४/०३
जि.प्र.का. : पर्सा

**जमानीकर्ताहरुको नाम र ठेगाना**
१. नाम : **विकास साह तुरहा**
बाबु : पन्नालाल साह
बाजे : राधा साह तुरहा
ठेगाना : बिरगंज -२५, पर्सा
हाल : बिरगंज -२५, पर्सा
ना.प्र.नं. : ३४-०१-७८-१५१४३
जारी मिति : २०७८/१२/२१
जि.प्र.का. : पर्सा

२. नाम : **राधा कुमारी देवी**
पति : पन्नालाला साह तुरहा
ससुरा : राधा साह तुरहा
बाबु : रुपचन साह
ठेगाना : बिरगंज -२५, पर्सा
हाल : बिरगंज -२५, पर्सा
ना.प्र.नं. : ३४-०१-७८-१४५२१
जारी मिति : २०७८/११/२६
जि.प्र.का. : पर्सा

**धितो राखिएको सम्पत्तिको विवरण**
**कर्जा प्रयोजनको लागि सवारी धनी सिटिजन्स बैंक इन्टरनेसल लिमिटेड कायम भई ऋणी सुनिता देवी/संजय साह तुरहा भएको सवारी साधन ।**

| क.सं | सवारीको किसिम | चेसिस नं. | इन्जिन नं. | दर्ता नं. | बनेको साल |
|---|---|---|---|---|---|
| १. | ASHOK LEYLAND TRUCK | MBITRKFD9GRYP7657 | GYH8411431 | मधेश प्रदेश ०३-००१ ख ९५२९ | 2017 |

**४. कर्जा शिर्षक : सिटिजन्स सवारी कर्जा**

**ऋणीहरुको नाम र ठेगाना**
१. नाम : **जगा साह सोनार**
बाबु : सुवाई साह
बाजे : कोदै साह
ठेगाना : रमौली बैरिया -८, रौतहट
हाल : वृन्दाबन -५, रौतहट
ना.प्र.नं. : ७६७२१०९५
जारी मिति : २०३७/०५/२०
जि.प्र.का. : रौतहट

२. नाम : **जय किशोर साह**
बाबु : जगा साह सोनार
बाजे : सुवाई साह
ठेगाना : रमौली बैरिया -८, रौतहट
हाल : वृन्दाबन -५, रौतहट
ना.प्र.नं. : ३२७४
जारी मिति : २०६३/०४/२१
जि.प्र.का. : रौतहट

**जमानीकर्ताहरुको नाम र ठेगाना**
१. नाम : **नरेश साह सोनार**
बाबु : जगा साह सोनार
बाजे : सुवाई साह
ठेगाना : रमौली बैरिया -८, रौतहट
हाल : वृन्दाबन -५, रौतहट
ना.प्र.नं. : ३४१९
जारी मिति : २०६३/०५/०१
जि.प्र.का. : रौतहट

२. नाम : **कलसिया देवी**
पति : जगा साह सोनार
ससुरा : सुवाई साह
बाबु : सुखल साह
ठेगाना : रमौली बैरिया -८, रौतहट
हाल : वृन्दाबन -५, रौतहट
ना.प्र.नं. : ३१७
जारी मिति : २०४४/१२/१०
जि.प्र.का. : रौतहट

३. नाम : **वजरंगी लाल साह सोनार**
बाबु : जगा साह सोनार
बाजे : सुवाई साह
ठेगाना : रमौली बैरिया -८,रौतहट
हाल : वृन्दाबन -५, रौतहट
ना.प्र.नं. : ३२२०९६/०७७
जारी मिति : २०६९/०२/१८
जि.प्र.का. : रौतहट

४. नाम : **रुवी कुमारी**
पति : वजरंगी लाल साह सोनार
ससुरा : जगा साह सोनार
बाबु : ध्रुव साह
ठेगाना : वृन्दाबन -५, रौतहट
हाल : वृन्दाबन -५, रौतहट
ना.प्र.नं. : ३२-०२-७५-०५०५५
जारी मिति : २०७५/१२/१७
जि.प्र.का. : रौतहट

५. नाम : **ललिता कु. देवी**
पति : जय किशोर साह
ससुरा : जगा साह सोनार
बाबु : अनुठा साह
ठेगाना : रमौली बैरिया -८,रौतहट
हाल : वृन्दाबन -५, रौतहट
ना.प्र.नं. : ०३२३०९६/१०७७
जारी मिति : २०६४/०१/०७
जि.प्र.का. : रौतहट

६. नाम : **कृष्ण देवी**
पति : नरेश साह सोनार
ससुरा : जगा साह सोनार
बाबु : भोला साह सोनार
ठेगाना : रमौली बैरिया -८,रौतहट
हाल : वृन्दाबन -५, रौतहट
ना.प्र.नं. : ३२३०९६/९९
जारी मिति : २०७०/०१/२१
जि.प्र.का. : रौतहट

**धितो राखिएको सम्पत्तिको विवरण**
**१. धितो सुरक्षण धनीको नामः– जगा साह सोनार**

| जिल्ला | न.पा./गा.वि.स. | वडा नं/नक्सा सिट नं. | कि.नं. | क्षेत्रफल (वि.क.धु.) | कैफियत |
|---|---|---|---|---|---|
| रौतहट | रमौली | ८ | १०५ | ०-०-४-६ | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत । |
| | | | ४३७ | ०-२-१३३/४ | |

**२. कर्जा प्रयोजनको लागि सवारी धनी सिटिजन्स बैंक इन्टरनेसल लिमिटेड कायम भई ऋणी जगा साह सोनार/ जय किशोर साह भएको सवारी साधन ।**

| क.सं | सवारीको किसिम | चेसिस नं. | इन्जिन नं. | दर्ता नं. | बनेको साल |
|---|---|---|---|---|---|
| १. | ASHOK LEYLAND TRUCK | B1KACFD1JRBY3175 | JCHZ423703 | ना ८ ख ३३४० | 2018 |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्याद भित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मुल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन ।

**लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :**

१. गोप्य शिलबन्दी बोलपत्र दाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई चल/अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यसबैंकमा सुरक्षित रहनेछ ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैंकले भुक्तान माग गरेको मितिले ७ दिन भित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ ।
४. लिलाम बिक्री भएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुनः लिलामी खोल्ने कार्य हुनेछ ।
७. बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ५७ को उपदफा ७ अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ ।
८. उक्त लिलाममा राखेको चल/अचल सम्पत्ति नामसारी/दा.खा. रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ ।
९. लिलाम बिक्री हुने चल/अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को नारायणहिटी पथ, दरबारमार्ग स्थित प्रधान कार्यालयमा वा शाखा कार्यालय पथलैया, बारा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ ।

**लिलाम खोलिने मिति :- २०८२/०६/०८ गते, बुधबार**
**समय :- दिउँसो ४:०० बजे**
**स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय पथलैया, बारा ।**

Citizens Bank
**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८
THE BANKER BANK OF THE YEAR 2024 NEPAL

# नेपालमा ३ खर्ब ३२ अर्ब विदेशी लगानी भारत र चीनबाट सबैभन्दा धेरै

**मध्यान्ह संवाददाता**
काठमाडौं २३ भदौ

राष्ट्र बैंकले सार्वजनिक गरेको सर्वेक्षण प्रतिवेदन २०२३/२४ मा नेपालमा प्रत्यक्ष वैदेशिक लगानी (एफडिआई) ३ खर्ब ३२ अर्ब ९७ करोड रुपैयाँ भएको देखाएको छ । सोमबार राष्ट्र बैंकले सार्वजनिक गरेको सर्वेक्षण प्रतिवेदनअनुसार सो अवधिमा नेपालमा सबैभन्दा धेरै विदेशी लगानी भारतबाट आएको हो ।

प्रतिवेदनअनुसार गत आर्थिक वर्षमा विभिन्न ६० देशबाट प्रत्यक्ष वैदेशिक लगानी नेपालमा आएको थियो। वैदेशिक लगानी अघिल्लो आवको तुलनामा १२ दशमलव ७ प्रतिशतले बढेको राष्ट्र बैंकले जनाएको छ ।

प्रतिवेदनअनुसार वैदेशिक लगानीमध्ये चुक्ता पुँजी ५० दशमलव ७ प्रतिशत, रिजर्भ ३६ दशमलव ७ प्रतिशत र ऋण १२ दशमलव ६ प्रतिशत रहेको छ। सो अवधिमा भारतबाट १ खर्ब ७६ अर्ब ३५ करोड रुपैयाँको वैदेशिक लगानी भित्रिएको छ। जुन कुल वैदेशिक लगानीको ३२ दशमलव ३ प्रतिशत हो ।



सो अवधिमा चीनबाट ३३ अर्ब ८२ करोड रुपैयाँको वैदेशिक लगानी आएको छ। जुन १० दशमलव २ प्रतिशत हो । त्यस्तै, सिंगापुरबाट २७ अर्ब ६६ करोड रुपैयाँ, आयरल्यान्डबाट २३ अर्ब १४ करोड रुपैयाँ र दक्षिण कोरियाबाट २० अर्ब १८ अर्ब रुपैयाँ विदेशी लगानी आएको थियो ।

साथै, अस्ट्रेलियाका १९ अर्ब ७१ करोड, वेस्ट इन्डिजबाट १४ अर्ब ७५ करोड, अमेरिकाबाट १३ अर्ब ४२ करोड, युरोपको एक टापुका रूपमा रहेको आइल अफ म्यानबाट समेत ११ अर्ब ४० करोड र हङकङबाट ११ अर्ब वैदेशिक लगानी आएको छ । यीबाहेक अन्य मुलुकबाट ४९ अर्ब ७७ करोड लगानी भएको राष्ट्र बैंकको प्रतिवेदनमा उल्लेख छ। भित्रिएको वैदेशिक लगानीमध्ये औद्योगिक र सेवा क्षेत्रमा धेरै देखिन्छ । नेपालमा धेरै लगानी गर्ने मुलुकले विद्युत्, उत्पादन, वित्तीय सेवा र सूचना सञ्चार तथा आइटी क्षेत्रमा धेरै लगानी गरेका छन् ।

कुल विदेशी लगानीमध्ये औद्योगिक क्षेत्रमा ५९ दशमलव ४ प्रतिशत रहेको छ । जसमा विद्युत्, ग्यास लगाएको क्षेत्रमा २९ दशमलव ५ प्रतिशत र उत्पादन क्षेत्र २९ दशमलव ३ प्रतिशत छ । सेवा क्षेत्रले ४० दशमलव ५ प्रतिशत हिस्सा लिएको छ, जसमा वित्तीय र बिमा सेवा २४ दशमलव ४ प्रतिशत, सूचना र सञ्चार ८ दशमलव १ प्रतिशत र आवास तथा खाद्य सेवा ६ दशमलव ५ प्रतिशत रहेको तथ्यांकले देखाएको छ । प्रदेशगत विदेशी लगानीमा आउनेका सबैभन्दा धेरै बागमती प्रदेशमा आएको छ । बागमतीमा कुन वैदेशिक लगानीको ६२ प्रतिशत आएको छ । यस्तै, कोशीमा १३ दशमलव ५ प्रतिशत, गण्डकीमा १३ दशमलव १ प्रतिशत, मधेशमा ६ दशमलव १ प्रतिशत र सुदूरपश्चिममा ४ दशमलव २ प्रतिशत लगानी आएको देखिन्छ ।

तर सो अवधिमा लुम्बिनी र कर्णालीमा भने निकै कम विदेशी लगानी आएको छ । लुम्बिनीमा कुल वैदेशिक लगानीको शून्य दशमलव ९ र कर्णालीमा शून्य दशमलव २ प्रतिशत मात्र वैदेशिक लगानी भएको प्रतिवेदनमा उल्लेख छ।

नेपाल भित्रिएको एफडिआईले नेपालमा लगानीको वातावरण बनाउन र नयाँ प्रविधिको प्रयोग बढाउन सहयोग पुग्ने राष्ट्र बैंकको सर्वेक्षण प्रतिवेदनले देखाएको छ ।

# कोरला नाकाबाट चिनियाँ स्याउ आयात गर्न नपाइने

**मुस्ताङ/मस-** चीनको स्वशासित क्षेत्र तिब्बतसँग सिमाना जोडिएको कोरला नाकाबाट चिनियाँ स्याउ ल्याउन नपाइने भएको छ । आइतबारदेखि पूर्ण रूपमा सञ्चालनमा आएको यहाँको कोरला नाकाबाट चिनियाँ स्याउ आयात गर्न नपाइने सहमति भएको मुस्ताङ भन्सार कार्यालयका प्रमुख रमेश खड्काले जानकारी दिए ।

सोमबार उपल्लो मुस्ताङको लोमान्थाङमा बसेको सरोकार भएकाहरूको बैठकले चिनियाँ स्याउ भित्र्याउन नपाइने



प्रारम्भिक चरणको मौखिक सहमति गरेको उनले बताए । लोमान्थाङ गाउँपालिका अध्यक्ष टसिनर्बु गुरुङ, लोघेकर दामोदरकुण्ड गाउँपालिका अध्यक्ष लोप्साङ छोम्फेल विष्ट (राजु), वारागुङ मुक्तिक्षेत्र गाउँपालिका अध्यक्ष रिनजिन नामगेल गुरुङ, इलाका प्रशासन कार्यालय लोमान्थाङ, सशस्त्र प्रहरी बोर्डर आउटपोस्ट (बिओपी) र व्यापारीहरूको संयुक्त बैठकले यस्तो निर्णय गरेको अध्यक्ष खड्काले जानकारी दिए ।

स्याउ आयात हुँदा स्थानीय स्याउ उत्पादक किसानलाई मर्का पर्ने भन्दै यस्तो सहमति भएको लोघेकर दामोदरकुण्ड गाउँपालिका अध्यक्ष विष्टले जानकारी दिए । यसैगरी, वारागुङ मुक्तिक्षेत्र गाउँपालिका अध्यक्ष गुरुङले हाल स्याउ आयातका विषयमा प्रारम्भिक छलफल गरेर मौखिक सहमति भएको चाँडै लिखित निर्णय गरिने बताए ।

# एनआइसी एसियाका ग्राहकलाई सिद्धबाबा हस्पिटलमा छुट



**काठमाडौं/मस-** एनआइसी एसिया बैंकका ग्राहकले बुटवलमा अवस्थित सिद्धबाबा हस्पिटल एन्ड रिसर्च सेन्टरमा उपचार गराउँदा विशेष छुट पाउने भएका छन् । बैंक र हस्पिटलले सम्झौता गरेसँगै बैंकका ग्राहकले हस्पिटलको सेवामा छुट पाउने भएका हुन् ।

सम्झौताअनुसार बैंकका ग्राहकहरूले स्वास्थ्य उपचार गर्दा १० प्रतिशतसम्म छुट प्राप्त गर्न सक्नेछन् । यो सुविधा प्रयोग गर्न बैंकका ग्राहकहरूले डेबिट कार्ड, क्रेडिट कार्ड, प्रिपेड कार्ड वा मोबाइल बैंक एपमार्फत डिजिटल भुक्तानी गर्नुपर्ने जनाइएको छ ।

सम्झौताअनुसार बैंकका ग्राहकलाई भर्ना शुल्क, अप्रेसन शुल्क, प्रयोगशाला र फार्मेसी शुल्कमा छुट हुनेछ । यसरी बैंक र हस्पिटलबीचको सहकार्यले ग्राहकलाई उपचारमा राहत दिनुका साथै डिजिटल भुक्तानीलाई प्रोत्साहन गर्ने र नगदरहित कारोबारलाई थप अघि बढाउने बैंकले विश्वास व्यक्त गरेको छ ।

# दमकमा कजारियाको नयाँ सोरुम




**काठमाडौं/मस-** नेपालमा अग्रणी टाइल ब्रान्ड कजारियाले झापाको दमक, बेलडाडी रोडमा नयाँ सोरुम उद्घाटन गरेको छ । ग्राहकलाई आधुनिक डिजाइन र गुणस्तरीय टाइल्समा सहज पहुँच दिलाउने लक्ष्य राखेर न्यु कोहिनुर ग्रेनाइट एन्ड टाइल्सले सो सोरुम सञ्चालनमा ल्याएको हो ।

दमक नगरपालिकाका मेयर रामकुमार थापाले रिबन काटेर सोरुमको औपचारिक उद्घाटन गरेका थिए। कार्यक्रममा कजारिया रमेश टाइल्स लिमिटेडका निर्देशक हिमांशु अग्रवालसहित मिस नेपाल वर्ल्ड २०२५ लुना लुइँटेल र मिस नेपाल इन्टरनेसनल २०२५ उरुषा भण्डारीले समेत सहभागिता जनाएका थिए। यस नयाँ सोरुमको उद्घाटनसँगै कजारियाले नेपालमा आफ्नो उपस्थितिलाई थप मजबुत बनाएको दाबी गरेको छ ।


## ऐसेलुखर्क गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
ऐसेलुखर्क, खोटाङ
कोशी प्रदेश, नेपाल

**बोलपत्र आह्वान सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति: २०८२/०५/२४**

यस गाउँपालिकाद्वारा तपसिल अनुसारको निर्माण कार्य राष्ट्रियस्तरको खुल्ला विद्युतीय बोलपत्र खरिद प्रक्रियाको माध्यमबाट मात्र खरिद गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक योग्य नेपाली बोलपत्रदाताहरुका लागि बोलपत्र कागजातमा उल्लेखित शर्तहरूको अधिनमा रही रितपूर्वकको बोलपत्र आह्वान गरिन्छ । यस सम्बन्धी सम्पूर्ण कुराहरू बुझ्नको लागि यस कार्यालयको वेबसाईट https://www.aiselukharkamun.gov.np सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाईट https://www.bolpatra.gov.np/egp, वा यस कार्यालयको सूचनापाटी तथा कार्यालय समयमा कार्यालयको प्राविधिक शाखामा सम्पर्क गर्न सकिनेछ ।

**बोलपत्र सम्बन्धी विवरण**

| Contract Id. No: | Description of Work | Estimated Amount (In Rs. With VAT and PS) | Cost of Bid Document (NRs.) | Bid Security amount (NRs.) | Last Date and Time for Bid Submission | Date and Time of Bid Opening |
|---|---|---|---|---|---|---|
| ARM-KHO-04/ 2082-083/NCB/ Works | Aiselukharka Bazar Rcc Road Construction | Rs.99,94,936.17 | Rs.3000 | Rs.2,52,000 | 2082/06/23 (9th Oct, 2025) 12:00 Hrs. | 2082/06/23 (9th Oct, 2025) 13:00 Hrs. |

**प्रमुख प्रशासकीय अधिकृत**

## तामाकोशी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
जफे, दोलखा

**बोलपत्र आव्हानको सूचना**

**प्रथम पटक प्रकाशित मिति: २०८२/०५/२४ गते**

यस कार्यालयको तपसिल बमोजिमको निर्माण कार्य गर्न ईच्छुक ईजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले चालु आ.व २०८२/०८३ को स्वीकृत कार्यक्रम अन्तर्गत रितपूर्वक सार्वजनिक खरिद अनुगमन कार्यालयको EGP Portal www.bolpatra.gov.np मार्फत बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

(१) बोलपत्र सम्बन्धी अन्य शर्तहरू र विस्तृत सूचना www.tamakoshimun.gov.np मा हेर्न सकिनेछ ।
(२) बोलपत्र फारम दाखिला अवधि सूचना प्रकाशन मितिले ३१ औं दिन दिनको १२:०० बजेभित्र र बोलपत्र खोल्ने सोही दिनको २:०० बजे हुनेछ ।
(३) अन्य कार्यविधि सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

**तपशिलः**

| सि.नं. | ठे.नं. | कामको विवरण | ल.ई. (भ्याट PS सहित) | जमानत रू. | बोलपत्र दस्तुर रू. |
|---|---|---|---|---|---|
| १ | (05/TRM/NCB/ Works/R/2082-083) | Upgrading Works of Manedada Chhaude Deurali Kalika Ma.Bi. Road. | 1,85,05,152.36 | 4,75,000 | 3000/- |
| २ | (06/TRM/NCB/ Works/R/2082-083) | Upgrading Works of Kirnebesi-Kirnegaun Ritthabot Kalleri Malu Dadagaun Road. | 1,85,09,860.94 | 4,75,000 | 3,000/- |
| ३ | (07/TRM/NCB/ Works/R/2082-083) | Upgrading Works of Jhule Gairibesi Bhirkot Ward Office Road. | 1,85,10,397.19 | 4,75,000 | 3,000/- |

**प्रमुख प्रशासकीय अधिकृत**

**"कृषि, पर्यटन र पूर्वाधारको दीगोपनः समृद्ध, सुसंस्कृत शहिद लखन"**

## Invitation for Bids

## Shahid Lakhan Rural Municipality
## Office of the Rural Municipal Executive
### Ghairung, Gorkha
### Gandaki Province

**Date of publication: 2082-05-24 BS**

1. Shahid Lakhan Rural Municipality invites electronic bid from national eligible bidders for Item Rate Contract of the following works:

| S N | Contract No: | Brief Description of Works Title | Estimate Amount without VAT (Nrs.) | Bid Security Amount in (NRS) | Last Date & Time of Bid Submission | Bid Opening Date and time | Bid Validity Period after bid opening | Cost of Bidding Document (NRS) |
|---|---|---|---|---|---|---|---|---|
| 1 | SLRM/GO/NCB/W/ ROAD/082/083/03 | Upgrading works of Deurali Raniswara Tinmane Road | 12,89,342.24 | 40,000 | 2082/06/09BS) Up to 12:00hr | 2082/06/09 BS,13:00hr | 75days | 1000 |
| 2 | SLRM/GO/NCB/W/ ROAD/082/083/04 | Upgrading works of Gurdum Bakrang Road | 12,89,672.54 | 40,000 | 2082/06/09BS) Up to 12:00hr | 2082/06/09 BS,13:00hr | 75days | 1000 |

2. Tender Procedures shall follow Public Procurement Act 2063 and Public Procurement Regulation 2064.
3. For further information, please refer to the PPMO's website.Any amendment in the notice or bid documents will be posted in website www.shahidlakhanmun.gov.np, notice board of this office and PPMO's website www.bolpatra.gov.np/egp.

Chief Administrative Officer


प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः भगवतीबहाल, नक्साल, काठमाडौं, फोनः **०१–५३२६३६६, ०१–५३२८२९८**, ई-मेलः **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**